# बहिष्कृत राजा

...परमेश्वरको माहिमा आज हामीमा वचनको सेवाद्वारा ल्याईयोस् भनेर। र यो एउटा...

2 यो गत हप्ता, म मौसमको अनुसार एक प्रकारले अलिकति भएको छु। ठ्याक्कै मौसमको अनुसार त होइन; यो एउटा परिक्षा हो जुन मैले लिन पर्ने थियो, एउटा शारीरिक परिक्षणहरु। र तपाईले त्यो सुन्नुभएको छ, कि म अस्पतालमा थिए। यो यस कारणले म त्यहाँ गए ताकी म खोला पार् गर्दै ओहोर दोहोर गरिरहन नपरोस्। तपाईले माथिल्लो ग्यास्ट्रोनोमिक लिनुहोस्, र एउटा तल्लो ग्यास्ट्रोनोमिक। र तिनीहरुले, हरेक केहि मिनेटमा, तिनीहरु फर्केर आई फेरी एक्स–रे गर्नपर्थ्यो। तर हामीले प्रत्येक छ महिनामा, विदेशी मिसनहरु गर्छौ भने, हामीले त्यसलाई लिनुपर्दछ। भाई रोबर्ट्स र तिनीहरु, मलाई लाग्छ, उहाँहरुले आफ्नो हरेक छ महिनामा लिनुहुछ। तर मैले चार वर्ष देखि एउटा पनि लिएको थिईन।

3 समस्या, मलाई त्यो क्यास्टर तेल मन पर्दैन, यो मात्रै कुरा हो। र तिनीहरु भन्छन् यसको सट्टामा तिनीहरुले दिन सक्ने केहि पनि छैन, त्यसैले म, ओ, तिनीहरुले त्यो कुरा दिदा म यति धेरै बिरामी भए। तपाईलाई थाहा छ, मैले तपाईले, मेरो जीवन कथामा भनेको छु, कसरी त्यो सामानले मलाई यति धेरै बिमार बनाउछ। र—र त्यो समान लिन मलाई मनै पर्दैन। र मैले मेरो दयालु डाक्टर साथीलाई भने, यदि..."के त्यहाँ अरु केहि कुरा छैन?"

र उहाँले भन्नुभयो, "मलाई लाग्दैन, भाई ब्रन्हाम।"

4 ओ, जब त्यो महिला भित्र आउनुभयो, यस्तो देखिन्छ, कि म बढाई चढाई गर्दैछु, तर, एउटा ह्वाक जस्तो देखिन्च्थ्यो। यो—यो...मैले कहिल्यै यति धेरै देखेको छैन। र म केवल मेरो नाक र ठट्टा थाम्छु। तर मैले अनन्तः यसलाई तल झारे।

5 तर अहिले, यी सबै परिक्षामा, र यो सबैबाट भएर जाँदा, म परमप्रभुलाई पूर्ण परिक्षाको लागि धन्यवाद दिन चाहन्छु। मैले एक सय प्रतिशत उत्तीर्ण गरे; म जान चाहेको संसारको कुनै पनि ठाउँमा जान सक्छु। मैले चिकित्सकलाई सोधे, जो लुइसभिलमा, म—मलाई लाग्छ, तिन उत्कृष्ट

विशेषज्ञहरु थिए। र मैले तिनीहरुलाई सोधे, मैले भने, "के म कम्तीमा दस प्रतिशत अपांग छु?"

6 भन्नुभयो, "तपाई एक कण पनि अपांग हुनुहुन्न।" भन्नुभयो—भन्नुभयो, "तपाई पूर्ण स्वास्थ्यमा हुनुहुन्छ, हरेक तरिकामा।" र म परमेश्वरमा यति धेरै आभारी छु। यो हाम्रो स्वर्गीय पिता बाहेक अरु कसबाट आउन सक्छ, बुझ्नुभयो, त्यसरी भएकोमा?

7 र उहाँले भन्नुभयो, "तपाईको...तपाईको सबै प्रवाहहरुले, त्यहाँ देखाउछ, तपाई जवान हुनुहुन्छ।" उहाँले भन्नुभयो, "तपाईको रक्त कोशीकाहरु पनि तोड्न थालेका छैनन्, वा केहि त्यस्तो छैन।" उहाँले भन्नुभयो, "तपाई एकदम राम्रो आकारमा हुनुहुन्छ, भाई ब्रन्हाम।"

र मैले भने, "ठिक छ, म धेरै खुसी छु।"

8 र मलाई त्यो अस्पतालको हरेक नर्स, र हरेक चिकित्सकसंग बोल्ने, सुअवसर भयो, परमेश्वरको राज्यमा। र एउटा निश्चित चिकित्सक, मलाई लाग्छ उहाँ आज बिहान यहाँ हुन पर्नेथियो। र म—म...म यो जान्दा धेरै खुसी छु कि त्यहाँ अझै पनि संसारमा राम्रा मानिसहरु छन्, वास्तविक पुरुषहरु, पुरुषहरु जसले मलाई पाँच दिनसम्म एउटा शारीरिक परिक्षणबाट लैजान्छन्, जुन सम्भवतः प्रत्येकको लागि दुई वा तिन सय डलर लाग्नेछ। जब म त्यसबाट गए, तिनीहरुले भने, "यो तपाईले गरिरहनु भएको, परमप्रभुको कार्यमा हाम्रो योगदान हो।" बुझ्नुभयो? हो। यहाँसम्म पनि छैन...भन्नुभयो, "किन, तपाई हामी प्रति ऋणी हुनुहुन्छ, भनि सोधी हामीलाई तपाईले लज्जित नपार्नुहुन्छ।" भन्नुभयो, "केवल तपाईको प्रार्थना हाम्रो निम्ति भए पुग्छ!"

9 "र भित्र," तिनीहरुले भने, "हामीले बुझ्न नसक्ने केहि भावनात्मक कुरा पाउँछौ।" र मैले भने..."हामी...यो—यो यस्तो देखिदैन..." उहाँले भन्नुभयो, "बाह्य रूपमा, तपाई आत्तिएको वा विचलित हुनुहुन्न। तर," भन्नुभयो, "आन्तरिक रूपमा, त्यहाँ एउटा भावना छ जुन हामीले बुझ्न सक्दैनौ।"

10 मैले भने, "यदि तपाई एक पलको लागि यहाँ बस्नुहुन्छ भने, म तपाईलाई भन्नेछु।" र दर्शनहरुको बारेमा भन्न थाले। यो उनीहरुको लागि अर्को क्षेत्र थियो। उनीहरुलाई यसको बारेमा केहि पनि थाहा थिएन। मैले उनीहरुलाई बाईबलको बारेमा बताए। त्यसपछि मैले उहाँहरुलाई परमप्रभुले

मलाई अर्को दिन दिनुभएको दर्सनको बारेमा भए, र उहाँहरु बच्चा जस्तै गरी रुनुभयो। केवल त्यहाँ बसेर रोए। र म...उनीहरु...मैले भने, "म आशा राख्छु कि तपाईले मलाई कुनै धार्मिक अन्धोभक्त वा केहि ठान्नुहुने छैन।"

11 भन्नुभयो, "कुनै पनि तरिकाले होइन, भाई ब्रन्हाम। म त्यो मेरो सम्पूर्ण हृदयले विश्वास गर्छु।" उहाँले भन्नुभयो, "तर केवल एउटा कुरा म तपाईलाई भन्न चाहन्छु: तपाई ती कुराहरु सिक्नको लागि विद्यालय जानुहुन्न।" भन्नुभयो, "म विश्वास गर्छु कि तिनीहरु सर्वशक्तिमान परमेश्वरबाट आउछन्।" र त्यहाँ लुइसभिलमा तिनजना जस्तो उत्कृष्ट चिकित्सकहरु थिए, तिनीहरुसंग भएको सबैभन्दा राम्रो। र, त्यसैले, म त्यसको लागि एकदम खुसी थिए, र यो जानेर कि शायद प्रभुले मलाई संगसंगै त्यहाँ केहि बीउ रोप्न दिनुभयो।

12 हरेक नर्स, उनीहरुसंग कुरा गरे। उनीहरु, एक बिहान, एक्स–रे कोठाबाट बाहिर आउदै थिए, मैले उनीहरुलाई भने...मैले एउटी गरीब बुढी आईमाईलाई हेरे। उनी यति बिमार थिईन्। र म उनको नजिक गईनै रहे, उहाँ भएको ठाउँमा नपुगेसम्म गईरहे। मैले सोचेको थिए कि शायद उनी मर्दैछिन्। र मैले भने, "म तपाईलाई एउटा प्रश्न सोध्न चाहन्छु, बहिनी।"

उनले भनिन्, "हुन्छ, श्रीमान।"

मैले भने, "के तपाई एउटा इसाई हुनुहुन्छ?"

र उनले भनिन्, "म एउटा *निश्चित* मण्डली को हुँ।"

13 र मैले भने, "म केवल त्यसलाई अझै अलिकति स्पष्ट पार्न चाहन्छु।" मैले भने, "म—म जान्न चाहन्छु कि तपाई एक इसाई हुनुहुन्छ, वास्तविक एक इसाई। त्यो, यदि तपाईले यो जीवनको समुन्द्र पार गर्नुपर्यो, अर्को भुमि तर्फ, के तपाई उहाँलाई प्रेम गर्नुहुन्छ?" मैले भने, "के तपाई वास्तवमै मुक्ति पाउनुहुनेछ?"

र उनले भनिन्, "हो, श्रीमान। म पाउनेछु।"

14 र मैले भने, "त्यसोभए परमेश्वरले तपाईको हृदयलाई आशिष दिनुभएको होस्। हावा जुनसुकै दिशामा बगे पनि, त्यसो हो भने तपाई ठिक हुनुहुन्छ, जबसम्म यो त्यसरी जाँदछ।"

15 र यदि हामी वरपर हेर्छौं भने, त्यहाँ धेरै जना राम्रा मानिसहरु संसारमा अझै बाकि छन्।

16 अब, आज, म एउटा दर्शन सहित आएको छु जुन म तपाईलाई केहि समय पछि बताउनेछु। र म पहिलोमा, बोल्न चाहन्छु, केहि वचनमा, किनकि म विश्वास गर्छु कि वचन अत्यावश्यक छ, अहिले सबैभन्दा आवश्यक। र चार्ली कक्स, र, भाई, मेरा साथीहरु त्यहाँ संगै उभिएको देखेर, खुसी छु। भाई, म सोच्न सक्दिन...जेफ्रिज, म उहाँको नाम सम्झन सक्दिन। तपाईहरु अन्य धेरै अमूल्य भाईहरु जोर्जिया, र देशका अन्या भागहरुबाट। मेरो पुरानो साथी, बिल, यहाँ बसिरहेको छ, म विश्वास गर्छु यो हो, यस बिहानमा। र—र धेरै...जोर्जियाबाट आउनुभएको भाई, ती मानिसहरु जसले मलाई यो सुट दिनुभयो। तपाईलाई थाहा छ, त्यो—त्यो मैले लगाएको मध्ये सबैभन्दा राम्रो सुट हो। यति राम्रो लाग्छ, वास्तवमै एकदम राम्रो छ। र तपाईहरु मेरो लागि यति खास हुनुहुन्छ। जब म तपाईलाई के भएको छ त्यो बताउछु, यो गएको केहि दिनहरुमा, मलाई, तपाईले देख्नुहुनेछ कि किन मलाई लाग्छ कि यो मेरो लागि यति महत्वपूर्ण छ भनि।

17 अब, म विश्वास गर्छु, यदि प्रभुको इच्छा छ भने, म लडाई पहिलेको भन्दा पनि बढि लड्न चाहन्छु, मेरो जीवनमा। किनकि, मैले अहिले पाएको छु कि यो...अवश्य, म आज मर्न पनि सक्छु। त्यो, तपाईलाई थाहा छैन। मेरो इलेक्ट्रो–कार्डियोग्राम्स र सबैकुरा, सोह्रओटा भिन्न खालका एक्स–रे हरु, हो, एउटा पूर्ण शारीरिक, ले देखाउछ कि म...अरु मानिस जत्तिकै सामान्य छु, पृथ्वीमा भएको मानव जत्ति। त्यसैले म त्यसको लागि धन्यवादी छु। तर, सबैकुराहरु, यहाँसम्म कि ती सबै पनि, र त्यसको लागि परमेश्वरमा उत्तिकै आभारी र धन्यवादी छु, जो म छु, मलाई विश्वास छ कि उहाँले अझै पनि मलाई उहाँको सेवामा राख्नुहुन्छ, यो त्यो थिएन जुन उहाँले मलाई त्यो भन्दा पहिले देखाउनुभएको थियो, हेर्नुहोस्, केवल मलाई यति खुसी बनायो।

18 अब, मलाई लाग्छ, आज राति...तपाईहरु सबैलाई ठिकै छ? [भाई नेभिलले भन्नुहुन्छ, "हजुर, श्रीमान।"—सम्पा।] हाम्रो—हाम्रो अमूल्य भाई—एक निस्वार्थ मानिस हुनुहुन्छ, जो—भाई नेभिल हुनुहुन्छ। र यदि तपाईहरु मध्ये कोहि गत आईतबार यहाँ हुनुहुन्थ्यो र उहाँले ल्याउनुभएको अद्भूत सन्देश सुन्नुभएको थियो भने, "तेलको भाडो," यो बाहिर–...मैले सुनेको मध्ये सबैभन्दा अद्भूत सन्देश थियो, जुन भाई नेभिलले ल्याउनुभएको थियो, पवित्र आत्माद्वारा, गत आईतबार, यो सानो भेडाको बगालमा जुन परमेश्वरले एकसाथ भेला गराउनुभएको छ।

19 र यदि यो ठिकै छ भने, प्रभुलाई मनपर्ने, र भाई नेभिल र मण्डलीलाई, म आज राति फेरी पनि बोल्न चाहन्छु र एउटा श्रृंखला शुरू गर्न चाहन्छु, भनौ, सोमबार राति...मलाई लाग्छ, आईतबार राति, र बुधबार राति, र अर्को आईतबार, एउटा श्रृंखला जुन मैले अध्ययन गरेको थिए।

20 म त्यहाँ अस्पतालमा पुगेर बस्नु पर्दैन थियो। तर उनीहरु मेरो लागि यति राम्रा थिए, उहाँहरुले मलाई कोठा लगभग एक–तिहाई मूल्यमा दिनुभयो। र त्यसैले बस मैले मेरो बाईबलहरु लिए, मेरो पुस्तकहरु, र ओछ्यानमा राखे, र सबैलाई त्यहाँ राखे, र मेरो सबै बाईबलहरु र चिजहरु त्यहाँ चारैतिर राखे। र संग साच्चै नै समय थियो, तिनीहरुले त्यो क्यास्टर तेल ल्याउन्जेलसम्म। मेरो राम्रो समय ठिक त्यहि निर रोकियो। म—म त्यतिबेला सकिएको थिए। तर, भाई प्याट, म साच्चै नै बिमार थिए। त्यो चिजहरु, म केवल सहन सक्दिन। र, तर मेरो राम्रो समय बितिरहेको थियो, पहिलो तिन वा चार दिनसम्म। मेरो राम्रो समय भईरहेको थियो।

21 र म एफिसीको पुस्तक अध्ययन गरिरहेको थिए। ओ, त्यो मण्डलीलाई एकसाथ राखिरहेको कुरा! र मलाई लाग्छ यो एउटा सुन्दर कुरा हो।

22 र—र यदि तपाई, अब, यदि तपाईसंग एउटा मण्डली छ जहाँ तपाई जानुहुन्छ, तपाई ठिक अगाडि बढ्नुहोस् र तपाईको कर्तव्यको पदमा उभिनुहोस्। तर यदि तपाईसंग एउटा मण्डली छैन भने, र तपाई आज राति फर्केर आउन चाहनुहुन्छ भने, र बुधबारको रात, र आईतबारको रात, म आजराति, एफिसीको पुस्तकको १, र बुधबार राति, एफिसीको २ अध्याय लिन चाहन्छु, लिन चाहन्छु, र अर्को आईतबार, एफिसीको ३ अध्याय लिन चाहन्छु, मण्डलीलाई व्यवस्थित गर्नको लागि। मैले भन्न खोजेको कुरा तपाईलाई थाहा छ, यसको—यसको स्थान, पदिय ढङ्गमा। र मलाई लाग्छ यो माथी–निर्माण भएको छ, मण्डलीमा।

23 म छैन...म—म यो केवल ब्रन्हाम टेबरनेकलमा आउनुहुनेसंग मात्रै बोलिरहेको छु।

24 र यदि तपाईहरु मध्ये कोहि प्रिय दाजभाईहरु...तपाईहरु मध्ये केहिलाई म चिन्छु, मलाई लाग्छ, जो सभामा हुनुहुन्छ। हाम्रो सानो भाई यहाँ माथी सेलर्सबर्गमा हुनुहुन्छ, र—र अन्यहरुको, सभा छ। अब, हेर्नुहोस्, ती जागृतिको सभाहरु हुन्। तपाईहरु त्यहाँ उपस्थिति हुनुहोस्। तिनीहरु ख्रीष्टका दासहरु हुन्, जवान युवाहरु जो भंगमा उभिरहेका छन्, जो बाहिर

आएका छन्। जब तिनीहरुको आफ्नै मण्डलीले सत्यतालाई इन्कार गरे, र यस्तै कुराहरु, तिनीहरु ठिक यसबाट टाढा निस्किए। र परमेश्वरले तिनीहरुलाई सेवकाईमा बोलाउनुभयो। हो, श्रीमान। म—म एक मान्छेलाई प्रशंसा गर्छु...मैले मानिसको नामसम्म सोच्न सक्दिन। तर ऊ एउटा जवान साथी हो, राम्रो, सुन्दर–देखिने साथी, र एउटा प्यारी पत्नी र छोराछोरी हुनुहुन्छ।

25 र—र भाई जुनी ज्याक्सनले यहाँ केहि सभाहरु गरिरहनुभएको छ, जुन अर्को अद्भूत कुरा हो, परमेश्वरको अद्भूत अनुग्रहको उल्लेखनीय ट्रफी हो। र जब उहाँहरुको जागृति तपाईको मण्डलीहरुमा भईरहेको छ, तपाई उहाँहरुको मा जानुहोस्, किनभने त्यो तपाईको...त्यो गर्न पर्ने कुरा हो। किनकि, तपाईलाई थाहा छैन, वेदीमा एउटा पापी आउन सक्छ, र तपाईले त्यस व्यक्तिलाई ख्रीष्टमा अगुवाई गर्न प्रेरित हुनुहुन्छ होला, जुन तपाईको लागि अर्को पट्टि महान इनाम हुन्छ।

26 यो केवल मण्डलीलाई सिकाउन र व्यवस्थितमा राख्नको लागि, यहाँ टेबरनेकलमा, हामी जान्दा मद्दत गर्दै।

27 अब, मैले मेरो घडी ल्याएको छैन, त्यसैले मेरो लागि कसैले हेरिदिनुपर्छ। डाक्टरले मलाई देखाउनुभयो, उहाँसंग एउटा छ, त्यसैले, मेरो भाई। त्यसैले अब...[भाई एडगर "डाक्टर" ब्रन्हामले भन्नुहुन्छ, "म यसको लागि तपाईलाई धेरै चार्ज गर्दिन," र उहाँको घडी भाई ब्रन्हामलाई दिनुहुन्छ—सम्पा।] तपाईले मलाई यसको लागि धेरै चार्ज गर्नुहुदैन? ठिक छ। ठिक छ, अब, त्यो ठिक छ। ठिक छ, अब, मलाई लाग्दैन कि यो चिज सहि छ, शुरू गर्नको लागि। त्यसैले...["तपाईलाई धन्यवाद। म तपाईलाई एउटा कुरा बताउन जाँदैछु।"] अब, ओ, ओ, स्, स्, स्, स्। ["मैले दस पैसा फिर्ता राखे, मेरो जन्मदिनमा, यो बिहानमा, केवल तपाईलाई राम्रो महसूस गराउनको लागि।"] के तपाई? अब त्यो...यो घडी पहिले भन्दा धेरै राम्रो चल्यो, डाक्टर। मलाई राम्रो महसूस गराउनको लागि, उसले आफ्नो जन्मदिनमा, दस पैसा फिर्ता राखेको थियो, किनकि त्यहाँ उसको र मेरो बीचमा दुई वा तिन छ। त्यसैले तपाई बाटोमा म कहाँ छु भनेर देख्न सक्नुहुन्छ। तर, ओ, यसले एक कण पनि फरक पार्दैन, मेरो लागि। अब, धेरै लामो बेर बोल्नेछैन।

28 अब, यदि हाम्रो ढोकामा अन्जान हुनुहुन्छ भने, हामी पक्कै पनि तपाईलाई हाम्रो सम्पूर्ण हृदयले स्वागत गर्न चाहन्छौ। तपाईलाई यहाँ यो टेबरनेकलमा धेरै स्वागत छ। हामीसंग भवनमा ठूलो ठाउँ छैन। यो अब हामीलाई निर्माण गर्ने कार्यक्रममा छ, एउटा ठूलो ठाउँ होइन, तर केवल एउटा...यो एउटा थोरै जीर्ण छ। र हामी यहाँ सानो एउटा राम्रो मण्डली चाडै निर्माण गर्न जाँदैछौ, जति सक्दो चाडो...प्रभुले हामीलाई यो गर्न अनुमति दिनुहुनेछ। र तपाईहरु धेरैले यसप्रति धेरै कोशिष गर्नुभएको छ, र हामी साच्चै नै यसको कदर गर्छौं।

29 अब म चाहन्छु कि तपाईले मसंगै, यस बिहानमा, पढ्नको लागि, पहिलो शमूएल ८ औ अध्याय पल्टाउनुहोस्, र शुरू गरौं, १९ औ पदमा शुरू गरेर, १९ औ २० औ पदहरु, शायद, सन्दर्भको लागि एउटा सानो पाठको लागि।

30 र अब, तपाईले पाउनुभईसके पछि, र हामीले शुरू गर्नुभन्दा पहिले... हामी यो पढ्छौ, र त्यसपछि हामीहरु प्रार्थनामा जान चाहन्छौ। र के त्यहाँ केहि अनुरोधहरु छन् आज बिहान, र भन्नुहोस्, "केवल मलाई सम्भनुहोस्"? हाम्रो अन्तिम भेटमा, दुई हप्ता अगाडि, वा तिन, जब मेरो सभा भएको थियो...भन्नुहोस्, हामी...

31 खैर, तपाईले पल्टाउदै गर्दा, चाउटाउक्वा सभा शुरू हुन्छ, छैठौ अब। हामीहरु राम्रो समयको अपेक्षा राख्दैछौ, मिडलटाउन, ओहाईयोमा। तपाईहरु जसको बिदाहरु आउदैछ, आउनुहोस्। र एउटा ठूलो शिविर, ठिक नदीको छेउमा, कहाँ, ओ, हामी...तपाईले सुन्नुभएको सबै प्रचारहरु। तिनीहरु सबै नदीको माथी–र–तल छन्, प्रचारकहरु, हरेक बिहान, सबैजना दिन र रातभर। त्यसैले तिनीहरु सबै संगै भेला भए। यो एउटा ठूलो शिविर मैदान हो, सिल्भर हिल्स भन्दा धेरै नै ठूलो, धेरै गुणा। र— र त्यसपछि त्यहाँ एउटा ठूलो ठाउँ जहाँ हामी आठ देखि दस हजार मानिसहरु राख्न सक्छौ। र यो सधै भरिएको हुन्छ। हामीसंग ओहाईयोमा राम्रो समय छ।

32 र बुढो भाई किड, जसको लागि म प्रार्थना गर्न गएको थिएँ, अर्को बिहान। मैले तपाईलाई तिन हप्ता अगाडि, भनेको याद छ? चिकित्सकले उहाँलाई चौबिस घण्टा दिएको थियो, जिउनको लागि। उहाँ उठेर वरपर हिडिरहनुभएको छ। उहाँले एउटा पदलाई उद्धृत गर्नुभयो, एउटा गीत जुन

उहाँले गाउन सक्नुभएन। र जब म भित्र गए र उहाँलाई हेरे, अर्को बिहान, र त्यो सानो शल उहाँ माथी थियो। म यहाँबाट करिब तिन वा चार घण्टा अगाडि गएँ, त्यसैले म उहाँकहाँ पुग्न सके। तिनीहरुले उहाँ त्यो दिन मर्नुहुनेछ भनि भनेका थिए; प्रोस्टेटमा क्यान्सर भएको थियो।

33 र उहाँको बहुमूल्य, सानो, वृद्ध पत्नी, दिनको पचास सेन्टको लागि धुनुहुन्छ; त्यो दिउसो हुनुभन्दा अगाडि हो, रात परुन्जेलसम्म, पचास सेन्टको लागि, उहाँको आफ्नो पतीलाई प्रचारकको रूपमा मैदानमा राख्न। दुई–हप्ताको जागृति प्रचार गर्नुभयो, र भेटि लिनुभयो, अस्सी सेन्ट पाउनुभयो।

34 तर मैले उहाँहरुले अर्को बिहान त्यहाँ बसिरहनुभएको देखे, ती दुई साना, वृद्धा जोडिहरु, एउटा सानो जोडि, बरु, त्यहाँ बसिरहेको, र उहाँको सानो शल उहाँको काँधमा थियो। र उहाँले विश्वासमा ल्याउनुभएकाहरु मध्ये एक, बयानब्बे वर्ष, उस्तै नै उत्कृष्ट र उज्वल, र गुदीमा पेन्टिकोस्टल, र त्यहाँ बसिरहेको थियो, तपाईलाई थाहा छ। र मैले भने, "तपाईलाई थाह छ तपाई बुढा मानिसहरु यहाँ के को लागि बस्दै हुनुहुन्छ? केवल डुङ्गा आउने प्रतिक्षामा थिए।" यति नै हो। तिनीहरुको काम, तिनीहरुले हासिल गरेका सबै कुराहरु, तिनीहरुले प्राप्त गरेको एउटा—एउटा उदेश्य, र अब उहाँहरु आफ्नो इनामको लागि जान तयार हुनुहुन्छ।

35 र मैले भाई चेभलाई भने, त्यो भाई किडसनलाई...किड, त्यस बिहानीमा, "तपाई चाउटाउक्वा सभामा हुनुहुनेछ।"

36 उहाँले मलाई हिजो फोन गर्नुभयो, भन्नुभयो, "म...म त्यहाँ हुनेछु, भाई ब्रन्हाम।" एकदम राम्रो।

37 धेरै सभा, मेरो नयाँ सेवाकाई आउदैछ। एउटा भाई, ब्याप्टिष्ट भाई यहाँ उभिरहनुभएको छ, उहाँको छोरी, किशोरी, अलिकति बेवास्ता गरिएको थियो। र उहाँलाई भने, "प्रभु येशूको लागि म तिम्रो छोरी तिमीलाई दिन्छु," अर्को बिहानी। र जब ऊ घर गयो, उनको उद्धार भयो। र अर्को चाहि यहाँ यो बिहानमा, बप्तिष्मा लिन र जाँदैछ।

38 र एउटा मानिस, श्रीमान सोथमन, क्यानडाबाट मेरो एउटा साथी, उहाँको सासु मर्ने अवस्थामा हुनुहुन्थ्यो, भने, "जब तिमी त्यहाँ पुग्छौ तिमीले त्यहाँ आफ्नो सासुलाई पाउनेछौ, ठिक छ, उहाँको स्वास्थ्य सुधार भएको अवस्था, पूर्ण रुपमा।" त्यो यहि तरिकामा थियो। र केवल...

मान्छेहरु केवल भित्र आउदैछन्। यो केवल उसको शिशुकालमा छ अहिले, चल्दै गरेको। तर, ओ, हामी धेरै नै अपेक्षा गरिरहेका छौ, प्रशस्त रूपमा सबै कुराभन्दा माथी। हामीहरु दुष्ट र अन्तिम दिनहरुमा छौ, तर महिमाको घडीमा।

39 अब के तपाईहरुले आफ्नो बाईबल पाउनुभयो, पढ्नको लागि, शमूएलको ८ औ अध्याय? र मैले जिनलाई त्यहाँ पछाडि बस्नको लागि बाचा गरेको थिए, बाकि रहेको यो रेकर्ड गर्नको लागि। हामीहरु भर्खरै शुरू गर्दैछौ, हाम्रो सभामा।

*तर मानिसहरूले शमूएलको कुरा सुन्न इन्कार गरे; तिनीहरूले भने, होइन; हामीमाथि राजा हुनैपर्छ;*

*ताकी हामी...हुनसक्छ...राष्ट्र, सबै राष्ट्रहरु; र ताकी हाम्रा राजाले हामी माथि न्याय गर्न सकून्, र हामीभन्दा अगाडि जान सकोस्, र हाम्रा युद्धहरु लड्नून्।*

*...मानिसहरूले भनेका यी कुरा शमूएलले सुने, अनि... परमप्रभुको अगि दोहोऱ्याए।*

*अनि उहाँले यस्तो जवाफ दिनुभयो, तिनीहरूले भनेका कुरा अनुसार गर्, र तिनीहरूका निम्ति एक जना राजा नियुक्त गर्। तब शमूएलले इस्राएलका सबै मानिसहरूलाई आ–आफ्नो* घरमा *पठाइदिए।*

40 अब यदि मैले यसबाट छनोट गर्ने प्रयास गर्नु पर्छ बने, आज बिहान, जसलाई मैले पाठ भन्नेछु, आउने केहि मिनेटको लागि, म पाठको लागि: *बहिष्कृत राजा* छनोट गर्न चाहन्छु।

41 यो एउटा समय थियो, जुन सबै समयहरुमा जस्तै, मानिसहरुले कहिल्यै पनि परमेश्वरले तिनीहरुलाई अगुवाई गरेको चाहदैनन् थिए। तिनीहरुले आफ्नै तरिकाको अगुवाईपनको चाहन्थे। र यो कथा आज बिहान...र जब तपाई आफ्नो घरमा जानुहुन्छ, यो तपाईलाई सबै तरिका मार्फतबाट पढ्नको लागि राम्रो हुनेछ। यो—यो शमूएलको दिनहरुको समयमा थियो, परमेश्वरको मानिस, अगमवक्ता। र उनी मानिसहरुमा एक न्यायी मानिस थिए, र एउटा असल मानिस, आदरणीय, प्रतिष्ठित, सच्चा र इमानदार थिए, तिनीहरुलाई कहिल्यै धोका दिएनन्, र तिनीहरुलाई अरु केहि नभनेर सिधा **परमप्रभु यसो भन्नुहुन्छ** मात्रै भने।

42 तर मानिसहरु यस्तो ठाउँमा आईपुगे जहाँ तिनीहरुले यो कार्यक्रम परिवर्तन गर्न चाहन्थे। तिनीहरुले फलिश्तीहरु, र अमेलेकी, एमोरी, हित्ती, र संसारको अन्य राष्ट्रहरु तर्फ हेरे, र उनीहरुले यो देखे कि तिनीहरुसंग शासन गर्नको लागि राजाहरु थिएँ, र तिनीहरुलाई शासन गर्थे, र तिनीहरुलाई अगुवाई गर्थे, तिनीहरुको लडाई लड्थे, र अन्य त्यस्तै गर्थे। र यसले यस्तो देखिन्थ्यो कि इस्राएलले तिनी राजाहरु, यी मानिसहरु जस्तै ढाँचामा जान चाहन्थे।

43 तर यो कुनै पनि युगमा, कहिल्यै पनि, परमेश्वरले उहाँको मानिसहरुको लागि संसार जस्तै गरोस् भन्ने उहाँको मनशाय थिएन, वा संसारका मानिसहरु जस्तै शासित वा नियन्त्रित होस् भन्ने थिएन। परमेश्वरको मानिसहरु, सधै झैँ, एउटा—एउटा भिन्न मानिस, एउटा अलग मानिसहरु, बोलाईएको, र चोख्याईएको मानिसहरु थिए, र पूर्णरूपमा तिनीहरुको व्यवहार, तिनीहरुको तरिका, र जिउने शैलीमा संसारका मानिसहरु भन्दा, भिन्न थिए। चिजहरुको लागि तिनीहरुको भोक, र तिनीहरुको सबै बनावटहरु, संसारका मानिसहरु रुचिहरुभन्दा सधै विपरित भएको छ।

44 र इस्राएलका मानिसहरु शमूएलकहाँ आए र भने, "अब, तपाई बुढ्यौलीमा हुनहुन्छ, र तपाईका छोराहरु तपाईको बाटोमा हिड्दैनन्।" किनभने, तिनीहरु शमूएल जस्तै सच्चा थिएनन्। तिनीहरु घुसखोर र पैसा लिनेहरु थिए। र तिनीहरुले भने, "शमूएल, तपाईका छोराहरु तपाई जस्तै छैनन्, त्यसैले हामी चाहन्छौ कि तपाई बाहिर जानुहोस् र हाम्रा निम्ति एउटा राजा खोज्नुहोस्, र उहाँलाई अभिषेक गर्नुहोस्, र हामीलाई संसारमा भएका मानिसहरु जस्तै मानिस बनाउनुहोस्।"

45 र शमूएलले मानिसहरुलाई यसले काम गर्दैन भन्ने प्रयास गरे। उनले भने, "यदि तिमीहरुले त्यसो गर्यौ भने, पहिलो कुरा तिमीहरु जान, उसले घरबाट तिमीहरुका सबै छोराहरु बोलाउनेछ, र तिनीहरुबाट, उसको रथको अगाडि दौडनको निम्ति, र हतियार र भालाहरु बोक्नको निम्ति सिपाहीहरु बनाउनेछ। त्यति मात्रै होइन, तर उसले तिमीहरुका छोरीहरु बोलाउनेछ, रोटी पकाउनको लागि, र सेनालाई खुवाउनको लागि, तिनीहरुलाई तिमीहरुबाट टाढा लानेछन्। र," भने, "ती सबै बाहेक, उसले तिमीहरुको अन्न, र सबै तिमीहरुको आम्दानीबाट, निश्चित करहरु

उठाउनेछ। उसले त्यो सबैमा कर लाउनेछ, निश्चित सरकारी ऋणहरु बनाउन, र अन्य त्यस्तै गर्न, जुन तिर्नुपर्ने हुन्छ।" उनले भने, "मलाई लाग्छ, तिमीहरु सबैले, गल्ती गरिरहेका छौ।" तर जब...

46 मानिसहरुले भने, "तर अझै पनि हामीहरु अरु मानिसहरु जस्तै बन्न चाहन्छौ।" त्यहाँ पुरुष र महिलाहरुमा केहि यस्तो कुरा थियो, जुन तिनीहरु एक अर्का जस्तै बन्न चाहन्थे। र त्यहाँ पृथ्वीमा केवल एउटा मात्र मानिस जिएको छ जुन हाम्रो उदाहरण थियो, र उहाँ नै हुनुहुन्थ्यो जो हामी सबैको लागि मर्नुभयो, हाम्रो प्रभु र मुक्तिदाता, येशू ख्रीष्ट। हामी के हुनुपर्छ, सधै पिताको व्यवसायको ध्यानमा, र जे सहि छ त्यो गर्नुपर्छ भन्ने कुराको उहाँ एउटा उत्तम उदाहरण हुनुहुन्थ्यो।

47 र शमूएलले जत्तिनै मानिसहरुलाई मनाउन खोजे पनि, निरन्तर तिनीहरु उनको विरुद्धमा, दिनरात पछि लागे, "हामीलाई एउटा राजा चाहिन्छ। हामीलाई एउटा मानिस चाहिन्छ। हामीलाई एउटा मान्छे चाहिन्छ जसलाई हामी भन्न सकौ कि, 'उहाँ हाम्रो मार्गदर्शक हुनुहुन्छ।'"

48 र त्यो कहिल्यै परमेश्वरको इच्छा थिएन। मानिसले एक अर्का माथि शासन गर्ने, यो कहिल्यै पनि परमेश्वरको इच्छा थिएन, वा कहिल्यै पनि परमेश्वरको इच्छा हुनेछैन। परमेश्वरले मानिसमा शासन गर्नुहुन्छ। परमेश्वर हाम्रो शासक हुनुहुन्छ, हाम्रो राजा।

49 र यो एउटा एकदमै, एकदम ठूलो खतरा हो, किनभने कि मानिसमा आज उही नै विचार देखिन्छ। मानिसले मानिसमाथि शासन गर्नुको सट्टामा परमेश्वरले अझै पनि मानिसमा शासन गर्नुहुन्छ भन्ने कुरा उनीहरुले बुझ्न नसकेको जस्तो देखिन्छ।

50 त्यसैले तिनीहरुले आफ्नो लागि शाऊल नाम गरेको एउटा मानिस रोजे, जो किशका छोरा थिए। र उनी एउटा प्रतिष्ठित व्यक्ति, र सम्मानित व्यक्ति थिए। तर मानिसको लागि ऊ उपयुक्त भयो, किनभने उनी एउटा ठूलो, अग्लो, महान, मानिसको एक प्रतिमा थियो। धर्मशास्त्रले भनेको छ कि इस्राएलमा कुनै पनि मानिसको शिर र काँधभन्दा उनी माथी थिए। उनी राजा जस्तै देखिने, र उनी मुहारमा सुन्दर थिए। उनी एक प्रतिभाशाली र असाधारण व्यक्ति थिए।

51 अब, त्यस्तो खालको मानिस हो जुन मानिसहरुले आज रोज्न मन पराउँछन्। मानिसहरु परमेश्वरले आफ्नो मण्डलीलाई जुन तरिकामा

राख्नुभयो त्यसमा मानिसहरु सन्तुष्ट देखिदैनन्, पवित्र आत्माद्वारा शासित र नियन्त्रित हुन। तिनीहरु चाहन्छन् कि कसैलाई, कोहि मानिस, केहि सम्प्रदाय, केहि निश्चित मानिसहरुले मण्डलीमा शासन गर्नलाई। कि, तिनीहरुले आफैलाई पूर्णरूपमा परमेश्वरको हातमा सुम्पिन सकेका छैनन्, आत्मिक हुनको लागि, पवित्र आत्माद्वारा अगुवाई गरिनको लागि। तिनीहरु चाहन्छन् कि कसैले उनीहरुको लागि आफ्नो धर्म गरोस्, कोहि जसले तिनीहरुलाई यो कसरी गर्ने भनेर बताओस्, र यसको विषयमा सबै भनिदियोस्।

52 त्यसैले यो मानिस त्यो स्थानको लागि उपयुक्त देखिन्थ्यो, किनभने ऊ अत्यन्त बौद्धिक मानिस थियो।

53 र यो पूर्ण रूपमा आज पनि त्यस्तै छ। हामीलाई पनि, त्यस्तै खालको मानिस रोज्न मन पर्छ, हाम्रो मण्डलीहरु नियन्त्रण गर्न, परमेश्वरको मण्डली नियन्त्रण गर्न। यसको विरुद्धमा मलाई भन्नु केहि पनि छैन, तर केवल एउटा अर्थ लगाउनको लागि मात्रै हो, ताकी: यो होइन, यो थिएन, र यो कहिल्यै पनि परमेश्वरको इच्छा हुनेछैन, यस्तो हुनको लागि। परमेश्वरले उहाँको मानिसहरुलाई शासन गर्न पर्ने हो, हरेक व्यक्तिलाई शासन गर्न।

54 त्यसपछि हामीले किशको यो पुत्र, महान मानिस, र—र उसको कद, र उसको...उनी जनताको लागि सुहाउने खालको थियो, कि उसको पोशाक उसमा राम्रो देखिनेछ। र उसको शिरमा मुकुट, अरु सबै मानिसहरु भन्दा माथि, जसै ऊ हिड्यो, इस्राएलको राज्यको लागि एउटा—एउटा वास्तविक सम्पत्ति हुनेछ। किनकि, अन्य राष्ट्रका, अन्य राजाहरुले, सोच्नेछन्, “हेर कस्तो राम्रो मान्छे!” तिनीहरुले कसरी आफ्नो औंला देखेर भन्न सक्थे, “हेर यहाँ, हामीले कति महान राजा पाएका छौ! हेर कति महान मानिस त्यो हामी माथि छ!”

55 र भन्न दुःखी छु, तर यो आज मण्डली संग पनि कति धेरै सत्य छ, तिनीहरुले यो भन्न मन पराउछन्, “हाम्रो पाष्टर संकीर्ण–विचार भएका व्यक्ति होइनन्। उहाँ एक महान मानिस हुनुहुन्छ। उहाँ हार्फोटबाट स्नातक गरेको व्यक्ति हुनुहुन्छ,” वा कुनै धर्मज्ञानको महान विद्यालयबाट हुनुहुन्छ। “उहाँसंग *यस्तो–र–यस्तो* एउटा ठाउँको चारवटा डिग्रीहरु छ। उहाँ मानिसहरु बीचमा राम्ररी घुलमिल हुन सक्नुहुन्छ।” त्यो सबै ठिकै हुन

सक्छ, र यसको आफ्नै स्थान छ होला। तर उहाँको मण्डलीको लागि परमेश्वरको मार्ग पवित्र आत्माद्वारा, पवित्र आत्माद्वारा अगुवाई हुनुपर्दछ।

56 तर तिनीहरुलाई त्यो भन्न मन पर्छ, "हामीसंग यो महान संगठित मण्डली छ जुनसंग हामी सम्बन्धित छौ। हामीले प्रारम्भिक अग्रगामी दिनहरुमा शुरू गरेका थियौ, जब हामी अल्पसंख्यक थियौ, केवल थोरै मानिसहरु, र सानो। र अब हामी त्यो स्थानमा यति धेरै वृद्धि भएका छौ कि हामी त्यहाँ रहेका सबैभन्दा ठूलो साम्प्रदायिक मण्डलीमा पर्छौं। हामीसंग उत्कृष्ट विद्यालयहरु छन्, र उत्कृष्ट शिक्षित सेवकहरु छन्। हामीसंग उत्कृष्ट पोशाक लाएका भीड छ। र शहरको सबैभन्दा बौद्धिक मानिसहरु हाम्रो संगठित मण्डलीमा आउदछन्। र हामी दाङ्मा दिन्छौ। र हामी असल काम गर्छौं, र अन्य सबै।" र केहि पनि छैन, परमेश्वरले निषेध गर्नुभएको, जुनमा मैले एक शब्द पनि विरुद्धमा बोलु, किनकि त्यो सबै राम्रो हो।

57 तर, अभै पनि, यो परमेश्वरको इच्छा होइन कि मानिसले मानिसमाथि शासन गरोस्। परमेश्वरले, पेन्टिकोष्टको दिनमा, पवित्र आत्मालाई मानिसहरुको हृदयमा शासन गर्न, र उसको जीवनको राज गर्न पठाउनुभयो। मानिसले मानिसमाथि शासन गर्नको लागि होइन।

58 तर हामी त्यो भन्न मन पराउछौ। यो एक धेरै उल्लेखनीय कुरा हो जब हामी भन्न सक्छौ कि हामी यस्तो महान संस्थाको हौँ।

59 "के तिमी एक इसाई हौ?" यसरी म यो पाठमा परे, जब म अस्पतालमा थिए। र म एउटा सोध्नेछु, "के तपाई एउटा इसाई हो?"

"म *फलानो–र–फलानोको* हुँ।"

"के तपाई एक इसाई हुनुहुन्छ?"

"म *फलानो–र–फलानोको* हुँ।"

60 र एउटा सानी नर्स खात तर्फ आईन्, जहाँ मैले बाईबल पढिरहेको थिए, र उनी एउटा—एउटा नयाँ नर्स थिईन्। र उनले भनिन्, "तपाई कस्तो हुनुहुन्छ।" उनले भनिन्, "म विश्वास गर्छु कि तपाई रेभ. ब्रन्हाम हुनुहुन्छ, जो यहाँ शारीरिक जाँचको लागि आउनुभएको छ।"

मैले भने, "म हुँ।"

61 र उनले भनिन्, "के म तपाईको पिठ मुर्सान सक्छु, यसले तपाईलाई रक्सीसंग अलिकति रार्मो महसूस गराउँछ।

र मैले भने, “तपाईले गर्न सक्नुहुन्छ।”

62 र उनले मेरो पिठमा मुसार्दै गर्दा, उनले भनिन्, “कुन संगठित मण्डलीमा तपाई आबद्ध हुनुहुन्छ?”

63 र मैले बहने, “ओ, म त्यहाँ भएको सबैभन्दा पुरानो मण्डलीको हुँ।”

र उनले भने, “कुन सम्प्रदाय हो त्यो?”

64 मैले भने, “यो त्यो हो जुन संसार संगठित हुनुभन्दा अगाडि संगठित भएको थियो।”

65 र, “ओ,” उनले भनिन्, “के? मलाई लाग्दैन कि मलाई यो बारेमा थाहा छ।” उनले भनिन्, “म एउटा *निश्चित* मण्डलीको हुँ। के यो त्यो संस्था हो?”

66 मैले भने, “होइन, म्याम। त्यो लगभग बस दुई सय वर्ष अगाडिको हो, त्यो संस्था। तर यो संस्था त्यो बेलामा शुरू भएको थियो जब बिहानीको ताराहरुले संगै गीत गाउँथे, र परमेश्वरको छोराहरु आनन्दले कराएका थिए, जब तिनीहरुले मानवजातिको उद्धारको आउदै गर्नुभएको मुक्तिदातालाई देखे।”

67 र उनले मेरो पिठ मुसार्न बन्द गरिन्। र म अलिकति, *यस* तर्फ झुके, ताकी महिलाले मुसार्न सकून्। र उनी नजिकै कोरीडनबाट थिईन्, तल यहाँ। हामीले कुरा गरीरह्यौ। र उनले भनिन्, “श्रीमान, मैले सधै यो विश्वास गरे कि यदि परमेश्वर पहिले देखि परमेश्वर हुनुहुन्थ्यो भने, उहाँ अझै पनि परमेश्वर हुनुहुन्छ, आज, उस्तै नै जस्तो उहाँ पुराना दिनहरुमा हुनुहुन्थ्यो।” उनले भनिन्, “यद्धपि मेरो मण्डलीले यसलाई सिधै इन्कार गर्छ, तर म यो सत्य हो भनि विश्वास गर्छु।”

68 र मैले भने, “तपाई परमेश्वरको राज्यबाट टाढा हुनुहुन्न, युवती।”

उनले भनिन्, “यदि उहाँ कहिल्यै चंगाईकर्ता हुनुहुन्थ्यो भने, के उहाँ अझै पनि चंगाईकर्ता हुनुहुन्न र?”

मैले भने, “उहाँ निश्चित रुपमा हुनुहुन्छ, मेरी बहिनी।”

69 तर मानिसले शासन गर्न चाहन्छ, र मानिसमा माथि शासन गर्न खोज्छ। र मानिसले आफै माथि राज गर्न मानिस खोज्छन्। उसले परमेश्वरले उसमा राज गरेको चाहन्न।

70 त्यसैले किशको पुत्र, शाऊल, नामको, तिनीहरुले चाहेको कुराको जवाफ थियो, महान राज्यसत्तापूर्ण मानिस। र...ओ, उसले तिनीहरुलाई तिनीहरुको लडाईमा, र त्यस्तै अन्य। तर, अफै पनि, यो परमेश्वरको काम गर्ने तरिका होइन। परमेश्वरले उहाँको वृद्धा विश्वासयोग्य अगमवक्तालाई तिनीहरुलाई निर्देशन गर्न, र तिनीहरुमा उहाँको वचन बोल्नको निम्ति चाहनुहुन्थ्यो।

71 अब, आज, हामीहरु जिईरहेको हाम्रो महान मण्डलीको युगमा, हामी, मलाई लाग्छ, र मेरो सम्पूर्ण हृदयले विश्वास गर्छु, कि परमेश्वरले हामीलाई जे गर्नको लागि नियुक्त गर्नुभएको थियो हामीले ठ्याक्कै त्यसको विपरित गएका छौ। हाम्रो मुक्तिदाताको अन्तिम वचनहरु मर्कूस १६ मा थियो। भन्नुभयो:

*सारा संसारमा गएर, सारा सृष्टिलाई सुसमाचार प्रचार गर।*

*विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ;...तर विश्वास नगर्ने दोषी ठहरिनेछ।*

*विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन्; मेरो नाउँमा* तिनीहरूले *भूतहरू धपाउनेछन्, तिनीहरूले* एउटा *नयाँ* भाषाहरूमा *बोल्नेछन्;*

र यदि *तिनीहरूले सर्पहरू समाते भने पनि;* वा...*कुनै विषालु कुरा पिए...तापनि कुनै* किसिमले *त्यसले तिनीहरूको* हानि गर्नेछैन; र यदि *तिनीहरुले...बिमारहरु माथि* आफ्नो *हात राखे भने,...तिनीहरु निको हुनेछन्।*

72 त्यहाँ एउटा पनि मानिस छैन, त्यहाँ कुनै किशको पुत्र छैन, वा कोहि पनि छैन, जसले यो पवित्र आत्माको अगुवाई बाहिर गर्न सक्दछ। तर हामीले विद्यालयहरु बनायौ, हामीले सेमिनारीहरु बनयौ, र हामीले संस्थाहरु बनायौ, सन्तुष्ट—गर्नको निम्ति, र बाकि रहेका संसार जस्तै देखिनको निम्ति।

73 अब, पवित्र आत्मा यस राष्ट्रमा अगुवा हुने गर्थ्यो। यो राष्ट्र पहिले शासित हुने गर्थ्यो...जब तिनीहरुले स्वतन्त्रताको घोषणा लेखे। र त्यहाँ एउटा फाल्तु कुर्सी बसिरह्यो। मेरो मनमा संकाको एउटा कण पनि छैन तर परमेश्वरका पुत्रले त्यो टेबलमा के राख्नुभयो, जब यो राष्ट्र धर्मको स्वन्तन्त्रता र सबैको स्वतन्त्रताको सिद्धान्तमा स्थापित भयो, र परमेश्वरको अनन्त वचनको आधारमा भयो।

74 तर हामीले त्यसलाई भ्रष्ट बनाएका छौ। राजनीति; हामीले त्यहाँ भित्र मानिसहरुलाई मत दियौ, खरिद गर्ने र बेच्ने, र झुटको वाचा मुनि गर्यौ। जबसम्म…हाम्रो राष्ट्र, र हाम्रो राजनीति, र हाम्रो लोकतन्त्र, यतिसम्म दूषित भयो कि यो—यो कम्युनवाद र सबै थरीका वादहरुमा गाँसियो।

75 र धेरै पटक हामीले प्रार्थनाको लागि सत्रहरुमा बोलाउँछौ, जब राष्ट्रका लिगहरु भेट्छन्, र त्यहाँ…वा छलफल गर्नको लागि। र एक निश्चितमा, महान समय, तत्कालै, त्यहाँ प्रार्थनाको लागि एक पटक समेत बोलाईएन। प्रार्थना बिना हामी कसरी मतभेदहरु समाधान गर्न जाँदैछौ? सारा संसारमा, पवित्र आत्माको नेतृत्व बिना, कुनै पनि काम गरेन हामी कसरी आशा गर्न सक्छौ?

76 तर हाम्रो राष्ट्र र यसको झण्डा र यो उभिएको गणतन्त्रलाई माया र सम्मानका साथ म भन्न चाहन्छु: हामीले हाम्रो अगुवा, पवित्र आत्मालाई बहिष्कार गरेका छौ, र भ्रष्ट राजनीति मार्फत विकृत मन भएका मानिसहरुलाई भित्र ल्याएका छौ। र यदि तपाईले हेर्नुभएको छैन भने, तिनिःरुले अहिले सम्म नगरेको सबै भन्दा घातक गल्तीहरु मध्ये एक गर्ने छन्, ठिक अहिले, किनभने जनताले आफूमा मानिसहरुले राज गरको चाहना राखेका छन्।

77 हामीलाई यो संयुक्त राज्यको राजधानीमा, एउटा राष्ट्रपतिको रूपमा, हामीलाई कांग्रेसमा के चाहिन्छ भने, हाम्रो न्यायको भवनमा के चाहिन्छ भने, ती मानिसहरु जसले आफ्नो जीवन परमेश्वरमा समर्पित गरेका छन्, र पवित्र आत्माले भरिपूर्ण छन्, र उहाँको दिव्य निर्देशनले अगुवाई भएका छन्। तर, त्यसको सट्टामा, हामीले बौद्धिक मानिसहरु, मानिसहरु जो “भक्तिको भेष लगाउने, र परमेश्वरको शक्तिलाई इन्कार गर्ने” मानिसहरुलाई चुनेका छौ, मानिसहरु जो नास्तिक छन्, र कुनैबेला त त्यो भन्दा पनि गई गुज्रेको, जसलाई हामीले हाम्रो देशको, राजनैतिक क्षेत्रमा ल्याएका छौ।

78 त्यो मात्रै होइन, हाम्रो मण्डलीमा समेत ल्याएका छौ। हाम्रा मण्डलीहरु भ्रष्ट भएका छन् जसको आधारमा, हामीले हाम्रा गोठालाहरुलाई अगुवाई गर्न छानेका छौ, हामीहरु सेमिनारीहरु तर्फ गएका छौ र ती मानिसहरुलाई चुनेका छौ जो महान बुद्धिजीवीहरु छन्, ती पुरुषहरु जो बुद्धिमा उत्कृष्ट छन्, ती पुरुषहरु जो दिग्गज छन्, र मानिसहरुको बीचमा महान मिश्रण छन्, र छिमेकमा महान पुरुषहरु हुन्, जसको विरुद्धमा मसंग भन्नु केहि

पनि छैन। पुरुषहरु जो आफ्नो हिड्ने तरिकामा दयालु छन्, तिनीहरुको जीवन शैली, र अन्य मानिसहरुको अगाडि तिनीहरुले आफैलाई कसरी व्यवहार गर्छन् ती कुराहरुमा होशियार छन्, र मानिसहरुको बीचमा, आफ्नो क्षेत्रमा महान पुरुषहरु, जसको बारेमा म कुनै दुष्ट कुरा बोल्दिन। परमेश्वरले मेरो आत्मा कहिल्यै त्यस्तो दुष्ट हुनबाट रोक्नुभएको होस्। तर, अझै पनि, परमेश्वरले हाम्रो लागि त्यो रोज्नुभएको होइन।

79 यो त पवित्र आत्माको अगुवाईपन हो: मानिसहरुको हृदयमा ख्रीष्ट हुनु हो। धेरै जसो ती बुद्धिजीवी मानिसहरु जो हाम्रा पुल्पिटहरुमा उभिन्छन् तिनीहरुले पवित्र आत्माको वास्तविक अस्तित्वलाई इन्कार गर्छन्। तिनीहरु धेरै जसोले दिव्य चंगाई र आत्माको शक्तिको अस्तित्वलाई इन्कार गर्छन्।

80 मैले एउटा लेख पढ्दै थिए, हिजो, मलाई लाग्छ, यो ज्याक को को अखबारको क्लिपिंगको श्रृंखला थियो, स्वर्गीय ज्याक को, एक…प्रभु येशूमा मेरो एउटा मबाट परिवर्तन हुनुभएको, जो भेलोरको एउटा शक्तिशाली मानिस हुनुहुन्थ्यो, उहाँको दिनमा। र प्रश्नको लागि, तल फ्लोरिडामा बोलाईनुभयो, एउटा सानो बच्चालाई उसको खुट्टाबाट ब्रेसेस हटाई, र मंचमा हिड्नको लागि भन्नुभएको कारणले गर्दा। र त्यसो गरेको हुनाले, बच्चा मंचमा सामान्य रूपमा, हिड्यो, र उसको आमाकोमा पुग्दा खेरी ऊ लड्यो। यो सबै ख्रीष्टको शत्रुको षड्यन्त्र भएकोले, यो जवान महिला र उसको पतिले हाम्रो बहादुर भाईलाई देशको अदालतमा ल्याए।

81 र जब हरेक मण्डली भाई ज्याकको साथमा उभिन पर्ने थियो, जब येशू ख्रीष्टको नाम उल्लेख गर्ने हरेक मण्डलीका मानिस बहादुरीका साथ, उहाँको साथमा खडा हुन पर्नेथियो, प्रभु येशूको नाम लिने हरेक मानिसले आफ्नो घुडा टेकेर प्रार्थना गर्न पर्ने थियो, तर, त्यसको सट्टामा, पत्रिकाको शिर्षमा, हाम्रा महान संगठित मण्डलीहरु मध्ये एकले भाई ज्याक को लाई निन्दा गर्नहा र झ्यालखानामा राख्न, नास्तिकहरुसंग हात मिलेको बताए। के तपाईले एउटा मण्डलीलाई कलपना गर्न सक्नुहुन्छ, जसले आफैले ख्रीष्टको नाममा बोलाउछन्, तिनीहरुले नास्तिकसंग हात मिलाउनेछन्, एउटा ईश्वरीय मानिसलाई निन्दा गर्नको लागि जसले आफ्नो सम्पूर्ण हृदयले बाईबलको लागि खडा हुने कोशिष गर्दै थियो? तर तिनीहरुले यसो गरे।

र त्यसपछि भाई गोर्डन लिन्ड्से उद्धारको लागि आएका थिए।

82 अनि जब अविश्वासी न्यायधीशले भने, "यो मान्छे ठग हो किनकि उसले त्यो बच्चाबाट ब्रेसेस लिएर उसलाई मंचमा पठाएको थियो, अनि ऊ 'निको' भयो भनि भनेको थियो। र उसले झुट बोल्यो, र उसले चिकित्सकको आदेश विपरित उसले केहि गर्यो, त्यसैकारणले ऊ विरुद्ध ठगी मुद्धा छ।"

83 र श्रीमान. को उठ्नुभयो, र अनि भन्नुभयो, "श्रीमान, म त्यो भनाईलाई अस्विकार गर्छु। परमेश्वरले त्यो केटालाई निको पार्नुभएको थियो।"

84 र न्यायधीशले भने, "म यस अदालतमा कुनै पनि व्यक्तिलाई यो अभिव्यक्ति सत्य हो या होइन भनि सोध्न सक्छु, कि परमेश्वरले त्यो केटालाई मंचको एउटा छेउमा निको पार्न सक्नुहुन्छ, र अर्को छेउमा चाहि बिरामी हुन दिनुहुन्छ। यदि त्यो अभिव्यक्ति बाईबलबाट प्रमाणित गर्न सकिन्छ भने, तब म भन्छु कि श्रीमान. को संग आफ्नो अभिव्यक्तिको लागि अधिकार हुन्छ।"

85 र एउटा सेवकले आफ्नो हात उचाले, र उसले भन्यो, "आदरणीय, श्रीमान, के म यसमा भन्न सक्छु?"

र न्यायधीशले भन्नुभयो, "भन्नुहोस्।"

86 अनि सेवक उठ्नुभयो, र भन्नुभयो, "एक रात, समुन्द्रमा, जब एउटा सानो जहाज लगभग डुब्न लागेको थियो, बाच्ने सबै आशाहरु समाप्त भईसहेको थियो। तिनीहरुले येशू, परमेश्वरको पुत्रलाई, पानीमा हिडेर आईरहनुभएको देखे। र प्रेरितहरु मध्ये एकले, पत्रुस नाउँ भएकोले, भने, 'यदि त्यो तपाई हुनुहुन्छ, प्रभु, मलाई पानीमा तपाईकहाँ आउन दिनुहोस्।'" अनि उहाँले भन्नुभयो, "प्रभुले प्रेरित पत्रुसलाई भन्नुभयो, 'आऊ।' अनि उनी डुङ्गाबाट बाहिर आए, श्रीमान, येशू जस्तै गरी हिडेर आएर, पानीमा हिडे। तर जब उनी डराए, उनी येशू कहाँ पुग्नुभन्दा अगाडि उनी डुब्न थाले।"

न्यायधीशले भने, "मुद्दा खारेज हुन्छ।"

हामीलाई पवित्र आत्माको अगुवाई चाहिन्छ, बुद्धिमान मानिसहरु होइन।

87 शाऊल, किशको पुत्रलाई, त्यसबेलामा मानिसहरुको कप्तान बनाईयो, अनि उनले दुई हजार मानिसलाई लिए, र जोनाथानले एक हजारलाई लिए। अनि जोनाथान एउटा मोर्चाबन्दिमा लगे र अम्मोनीहरु, अम्मोनीहरुको

झुण्डलाई, मारे। र जब—जब उनले तिनीहरुलाई मारे, शाऊलले एउटा तुरही बजाए, र भने, "तिमीहरुले देख्यौ शाऊलले के गर्यो।" उनी फुल्न थाले।

88 जब एउटा मानिस केहि महान दिव्यताको डाक्टर बन्दछ, वा उसको नामको पछाडि अलिकति केहि पाउँछ, धेरै वा थोरै, म सबै–कुरा–जान्दछु, हुन्छ।

89 परमेश्वरका मानिसहरु नम्र मानिसहरु हुन्। परमेश्वरका मानिसहरु नम्र हुन्छन्। जब तपाईले एउटा मानिस देख्नुहुन्छ जसले पवित्र आत्मा पाएको छु भन्दछ, र आफैलाई अलग गर्न थाल्छ, देख्दा, विश्वास छैन, त्यत्तिकै चलिरहेको हुन्छ, तिनीहरु जो होइनन् त्यो बन्ने कोशिष गर्दछ, केवल याद गर्नुहोस्, तिनीहरुले प्रभु येशूलाई प्राप्त गरेका छैनन्।

90 त्यसपछि हामीले त्यो शत्रु बसिरहेको पाउँछौ। र ऊ परमेश्वरको सानो झुण्डमा आउनेवाला थियो, र त्यसपछि हरेक मानिसको दाहिने आँखा निकाल्न जाँदैथियो।

91 शत्रुले सधै गर्न खोज्ने नै यहि हो, उसले सकेसम्म, दुईटै आँखा निकाल्न खोज्छ, ताकी मानिसहरुले आफुले के गर्दैछन् भनि देख्न नसकून्। त्यो नै शैतानले आज हरेक इसाईलाई गर्न खोज्छ, उसको आत्मिक दृष्टि निकाल्छ, ताकी उसले केवल चिजहरुको बौद्धिक अर्थलाई पछ्याउन सकोस्, र उसलाई अगुवाई गर्ने पवित्र आमाको अर्थले होइन।

92 त्यसो भए कहिले तिनीहरुले त्यसो गरे त, जब ठूलो हार आउँछ, त्यसपछि शाऊलले दुईवटा ठूलो गोरु काटे र त्यसलाई मानिसहरुमा पठाए। र म चाहन्छु कि तपाईले यहाँ याद गर्नुभएको होस्, जब शाऊलले गोरुको भाग सबै इस्राएलमा पठाए, र भने, "शमूएल र शाऊललाई नपछ्याउने हरेक मानिस, यो, यो गोरु, *यो* जस्तै होस्।" के तपाईले देख्नुभयो कि उसले परमेश्वरको जनसंग आफूलाई प्रतिनिधित्व गर्नको लागि कति छलपूर्ण प्रयास गर्यो? कति—कति गैर–इसाई थियो यो! मानिसहरुको डर शमूएलको काराणले थियो। तर शाऊलले ती सबैलाई आफ्नो पाछी लाग्न लगाए किनभने मानिसहरु शमूएलको डर राख्थे। "तिनीहरु शमूएल र शाऊलको पछि लागून्।"

93 र कति धेरै पटक, आज, हामीले यो सुनेका छौ! "हामीहरु महान मण्डली हौँ। हामीहरु ख्रीष्टको मण्डली हौँ। हामीहरु परमेश्वरको मण्डली

हौँ। हामी—हामीहरु *फलाना–र–फलाना* हौँ।" यसले मानिसमा डर पैदा गराउँछ, र यो नै वास्तविक ठाउँ हो जहाँ परमेश्वरले काम गरिरहनुभएको छ भनि सोच्ने बनाउँछ। र तिनीहरुले पवित्र आत्माको नेतृत्व चाहदैनन्। तिनीहरु बरु त्यस्तो खालको मानिसलाई पछ्याउछन्, किनभने तिनीहरुले तिनीहरुको आफ्नो व्यक्तिगत जीवन जिउन मन पराउछन्। तिनीहरु जे विश्वास गर्न चाहन्छन् त्यो विश्वास गर्न मन पराउँछन्।

94 के तपाईले देख्नुहुन्छ? पवित्र आत्मा हाम्रो न्यायधीस हुनुहुन्छ। परमेश्वरले कहिल्यै पनि हामीलाई पप, वा एउटा विशप, वा कोहि पनि, एउटा न्याय गर्नको लागि दिनुहुन्न। पवित्र आत्मा, परमेश्वरको व्यक्ति, पवित्र आत्माको रुपमा, हाम्रो न्यायधीश र हाम्रो मार्गदर्शक हुनुहुन्छ। अब, किन त्यस्तो छ त?

95 कृपया यो अशिष्ट, अनि सबैभन्दा कडा अभिव्यक्तिलाई माफ गर्नुहोस्। म मतलबी हुन खोजेको होइन। म प्रेमबाट यो भन्दछु।

96 तर पवित्र आत्माले भन्दछ कि हाम्रा महिलाहरुले तिनीहरुको केश काट्नु गलत हो। र हाम्रा महिलाहरुले सानो कट्टु र स्ल्याक्स लगाउनु, र तिनीहरुको ओठ र मुहार पेन्टले मेकअप गर्नु गलत हो। पवित्र आत्माले यो गलत हो भन्दछ।

97 तर हामी त्यो पुरुषहरु चाहन्छौ जसले यो ठिक हो भनिदिन्छ, "जबसम्म हामी मेरो र शमूएललाई पछ्याउछौ।" तिनीहरु छ दिनसम्म, तिनीहरुले जसरी चाहन्छन् त्यसरी जिउन मन पराउछन्, र आईतबार बिहान मण्डली जान्छन्। अनि धेरै डिग्रीहरु भएको एउटा राम्रो बौद्धिक कलेज पढेको मानिसले उनीहरुसंग सानो प्रवचन बोल्दछ जसले...त्यसमा केहि चुटकिलाहरु राख्छ, जसले तिनीहरुको कानहरुलाई रमाइलो दिन्छ र तिनीहरुलाई मनोरंजन दिलाउदछ, जुन कुनै चलचित्र वा टेलिभिजनको कार्यक्रम जस्तो छ। र तिनीहरुमा सानो प्रार्थना भनिदिन्छ, र तिनीहरुलाई एक प्रकारको एउटा—एउटा आत्म–सन्तुष्टिको सुरक्षा सहित घर पठाउछ जहाँ तिनीहरुले आफ्नो धर्मविधि पुराएको महसूस गर्छन्। त्यो पवित्र आत्माको इच्छा होइन।

98 पवित्र आत्माले तपाईलाई ईश्वरीय जिएको चाहनुहुन्छ, हप्तामा हरेक दिन, र हरेक रात, संसारका थोकहरुबाट आफैलाई अलग्याएर।

99 तर मण्डलीले त्यो चाहदैन। तिनीहरुले त्यो मानिस चाहन्छन् जसले—जसले बाईबललाई तिनीहरुले सुन्न चाहेको तरिकामा व्याख्या गर्न सक्दछ। तिनीहरुले बाईबलबाट पवित्र आत्माले बोलेको आवाज सुन्नेछैनन्। तिनीहरु मध्ये धेरैले यो भन्न चाहन्छन्, "आश्चर्यको दिनहरु बितीगएको छ।" त्यसले मानिसहरुलाई चित्त बुझाउछ। तिनीहरुले भन्न चाहन्छन्, "त्यहाँ पवित्र आत्मा बप्तिष्मा छैन।" मानिसहरु बाकि रहेका संसारले गर्ने व्यवहारभन्दा फरक व्यवहार गर्न चाहदैनन्। तिनीहरु सडकमा गएर तिनीहरुको मुहार धुन चाहदैनन्, र—र पुरुषहरु सफा अनुहार, र आफ्नो मुखमा चुरोट नराख्न चाहदैनन्, र—र सिगारहरु, र पाईपहरु, र—र ती कुराहरु जुन पुरुषहरुले गर्छन्। र महिलाहरुले तिनीहरुको आफ्नो केश वास्तवमै छोटो काट्न चाहन्छन्, र—र सानो कपडा लाउछन्, र तिनीहरुको रुपहरु देखाउदै, र तिनीहरुले चाहेका कुराहरु गर्दै। तिनीहरु—तिनीहरु ती पुरुषहरु चाहन्छन् जसले भन्नेछन्, "त्यो ठिक छ।"

100 त्यसपछि, अर्को रात, यहाँ मलाई भन्नलाई एक जना पुरुष आउनुभयो, त्यो यस कारणले कि मैले यी कुराहरुको विरुद्धमा प्रचार गरे, एउटा ठूलो सम्प्रदाय, लगभग पाँच जना जति, भने, "हामी भाई ब्रन्हामलाई छोड्नेछौ र उहाँसंग केहि सरोकार हुदैन। तपाईले या त ती टेपहरुलाई फिर्ता बोलाउनुहुनेछ, र तिनीहरुलाई माफ माग्नुहुन्छ, वा त तपाईलाई हामी छोड्नेछौ।"

101 मैले भने, "म परमेश्वरको वचनसंग खडा हुन्छु। यदि यसले मेरो जीवनको सबै कुरा लिन्छ भने पनि, म वचनसंगै बस्नेछु। र म..."

भन्नुभयो, "ठिक छ, तपाईले *फलानो–र–फलानो* टेप फर्काएर सम्झनामा ल्याउनुहुन्न?"

102 मैले भने, "मैले मेरो जीवनमा, कुनै पनि त्यस्तो कुरा प्रचार गरेको छैन, जसको लागि म लज्जित छु। म कुनै पनि टेप वा कुनै पनि रेकर्ड सम्झना गर्दिन। म पवित्र आत्माले के भन्नुहुन्छ त्यसमा रहन्छु। जसमा म जिउछु र म मर्छु।" मेरो आफ्नै बारेमा भन्न खोजेको होइन अहिले। तर म तपाईलाई के भईरहेको छ भन्ने कुराको चित्र दिन खोज्दैछु, त्यसैले तपाईले देख्नुहुनेछ र बुझ्नुहुनेछ। यो मानिसहरु मानिसहरुबाट अगुवाई गरेको चाहन्छन्।

103 तिनीहरुले शमूएललाई चाहदैनन्। त्यसपछि तिनीहरुले शमूएल राजा अभिषेक गर्नुभन्दा अघि...वा शाऊल, राजा, मलाई माफ गर्नुहोस्, शमूएल

तिनीहरु कहाँ फेरी आए। र म ठिक त्यहि भाषामा बोल्न जानेछु जुन उसले यसलाई आज भएको भए भन्ने थियो। तपाईले यो पढ्न सक्नुहुन्छ। उनले भने, “परमेश्वरको तिमीहरुको राजा हुँदा के समस्या छ?”

“ठिक छ, हामीले परमेश्वरलाई देख्दैनौ।”

104 “ठिक छ, म उहाँको प्रतिनिधि हुँ,” शमूएलले भने, “के मैले तिमीहरुलाई कहिल्यै गलत भनेको छु? के मैले कहिल्यै कुनै कुराको भविष्यवाणी गरेको छु जुन मैले भनेको जस्तै पुरा भएको छैन? के मैले तिमीहरुलाई परमप्रभुको वचन भनेको होइन र? र म तिमीहरुलाई यो सोध्छु: के म कहिल्यै आएर तिमीहरुको पैसा मागेको छु? के मैले कहिल्यै तिमीहरुबाट केहि लिएको छु? के मैले तिमीहरुलाई सिधै **परमप्रभु यसो भन्नुहुन्छ** भन्ने वचन बाहेक अरु केहि ल्याएको छु? र परमेश्वरले यसलाई प्रमाणित गर्नुभएको छ, हरेक पटक, कि यो सत्य हो भएन।” र उहाँले मेघ गर्जन र वर्षा पठाउनुभयो (तिमीलाई धर्मशास्त्र थाहा छ, तिमी, ठिक त्यहाँ।) यो प्रमाणित गर्नको लागि कि शमूएल परमेश्वरको मुखपत्र थिए।

105 र जसरी शमूएलले पूर्ण रूपमा प्रतिनिधित्व गरेका थिए: आज, पवित्र आत्मा— पवित्र आत्मा परमेश्वरको मुख पत्र हुनुहुन्छ: जसले ठिक बाईबलले भनेको जस्तै गरी बोल्छ; जसले ठिक बाईबलले भनेको जस्तै विश्वास गर्छ, र यसबाट भिन्न हुदैन, एक रति पनि।

106 तर तिनीहरुले अरू कोहि चाहन्छन् जसले तिनीहरुलाई फरक कुरा भनोस्। र मानिसहरुले शमूएलको भविष्यवाणी सिद्ध थिएन भनेर भन्न सकेनन्। तिनीहरुले जवाफ दिए र भने, “शमूएल, सबैकुरा जुन तिमीले परमप्रभुको नाउँमा बोलेको छौ, तिमीले भनेझैँ परमप्रभुले यो पूरा गर्नुभएको छ। त्यहाँ एउटा पनि कमजोरी छैन। तिमीले कहिल्यै पनि हामीकहाँ आएर पैसा मागेको छैनौ। तिमीले आफैलाई पुराएको छौ। तिमीले हामीलाई कहिल्यै पनि तिम्रो निम्ति महान, उत्कृष्ट कुराहरु गर्नको निम्ति भनेनौ। तिमीले आफ्नो परमेश्वरमा भरोसा गरेको छौ, र तिमीबाट सबैकुरा दिएको छौ। र तिम्रो वचनहरु सत्य छन्। परमप्रभुको नाउँमा तिमीले भनेको सबैजसो कुरा तिमीले भनेको जस्तै भएको छ। तर अझै पनि हामी राजा चाहन्छौ।”

107 के तपाईले विसंगति देख्न सक्नुहुन्छ? के तपाईले—तपाई देख्दै हुनुहुन्छ—शैतानको धूर्तता, एउटा मानिसमा काम गर्न सक्छ? आफूलाई पवित्र आत्मामा समर्पण गर्न, र **परमप्रभु यसो भन्नुहुन्छ** लाई सुन्नको सट्टा,

एउटा शुद्ध जीवनको लागि, एउटा शुद्ध चरित्र, भिन्न जीवनको लागि, एक फरक मानिस, एउटा पवित्र जाति, एउटा फरक व्यवहार गर्ने मानिसहरु; तिनीहरु बरु संसारसंग मिल्दोजुल्दो थिए, र संसार जस्तै व्यवहार गर्थे, र कुनै त्यो मण्डलीमा जान्छन् जसले भन्छ, "त्यो सबै ठिक छ, त्यसरी नै व्यवहार गर्दै जानुहोस्।"

108 तपाई यो के हो देख्न सक्नुहुन्छ? तिनीहरु भन्छन्, "त्यहाँ चंगाई भन्ने जस्तो कुनै कुरा छैन। ओ, पवित्र आत्माको बप्तिष्मा मण्डली लागि एउटा ढाँचा हो।" अर्को शब्दमा भन्दा, त्यसपछि परमेश्वरले मानिसहरुलाई लिनुभयो, मण्डलीबाट पवित्र आत्मालाई टाढा लानुभयो, र संगठित मण्डलीलाई निर्माण गर्न दिनुभयो। कहिल्यै, कहिल्यै होइन। त्यहाँ यस्तो कुनै कुरा छैन। पवित्र आत्मा, सत्यताको वचनले, येशू नआउन्जेलसम्म तपाईलाई मार्गदर्शन गर्न पर्ने हो। तर त्यो तरिकामा यो—यो गयो।

109 शाऊल सत्तामा आए। उनी महान...उसमा धेरै पछ्याउनेहरु आए। ओ, उनमा सुन्दर कवचहरु थिए। उनीसंग गायकहरु थिए। उसंग ढालहरु थिए, र उसंग भालाहरु थिए। ओ, उसले बाकि रहेका सबै राष्ट्रलाई पछाडी पार्यो। र उसले तिनीहरुमा त्यो लोकतन्त्र ल्यायो जुन कसैले पहिले सुनेको भन्दा धेरै नै फरक थियो।

110 र त्यो नै आज हाम्रो सम्प्रदाय मण्डलीहरुले गरेका छन्। हामीसंग संसारको सबैभन्दा ठूलो मण्डलीको भवनहरु छन्। हामीसंग संसारमै सबैभन्दा सुन्दर पोशाक लाउने मानिसहरु छन्। हामीसंग ल्याउन सकिने उच्चतम छात्रवृत्तिहरु छन्।

111 त्यो भाला लिन सकन्व शाऊलका प्रशिक्षित पुरुषहरु जस्तै, र तिनीहरुले यसलाई यतिसम्म चलाउन र युद्धाभ्यास गर्न सक्थे कि राष्ट्रहरु डराउथे। तिनीहरु एक प्रशिक्षित मानिसहरु थए, र सबै। तर, एकदिन, त्यहाँ यस्तो समय आयो कि त्यहाँ एउटा चुनौती दिने व्यक्ति बाहिर आयो। र यसले पुरै इस्राएली सेनालाई यति बिधी त्रास दियो कि तिनीहरु आफ्नो जुत्तामा कापेर, उभिए। गोलियथले तिनीहरुलाई चुनौती दियो, "यदि तिम्रो परमेश्वर तिमीले भनेको जस्तै हो भने! तिमीहरु उत्कृष्ट रूपमा प्रशिक्षित छौ।" र उसले तिनीहरुलाई चुतौती दियो। तिनीहरुलाई के गर्ने भन्ने कुरा थाहा थिएन। तिनीहरुको राम्रो, टल्किएको हतियारले काम गरेन। तिनीहरुको

भालाहरुले काम गर्दैन थियो। त्यहाँ केहि कुरा थियो जुन तिनीहरुले पहिले, कहिल्यै सुनेको थिएन, जुन त्यहाँ भईरहेको थियो।

112 र सम्पूर्ण श्रद्धा र ईश्वरीय सम्मान, र आदर र मर्यादा, र प्रेम र इसाई संगतिका साथ, म यो भन्छु: अर्को दिन, अफ्रिकी पत्रिकामा, मैले पढे, कहाँ त्यो हाम्रो किशको पुत्र, सुसमाचार प्रचारकको हाम्रो चुनौती, जब एउटा मुसलमानले उहाँलाई चुनौती दियो, बिल्ली ग्राहमलाई। भन्यो, "यदि तिम्रो परमेश्वर परमेश्वर हुनुहुन्छ भने, उहाँले भन्नुभए झैँ उहाँले बिरामी निको पार्नुभएको होस्।" र किशको पुत्र, बाकि रहेका सेनाहरु सहित, आफैलाई शान्त राखे र देश छोडे, पराजित भएर। यो अपमान हो। हाम्रो परमेश्वर परमेश्वर हुनुहुन्छ।

113 हामीसंग हाम्रा राम्रा मण्डलीहरु छन्। हामीसंग राम्रा सुसमाचारहरु छन्। हामीसंग सशुल्क गायकहरु छन्। हामीसंग उत्कृष्ट गायन समूहहरु छन्, देशमा सबैभन्दा महानहरु। हामीसंग उत्कृष्ट पुरुषहरु छन्, केहि धेरै पैसाहरु। हामीसंग बुद्धिजीवीहरु छन्। हामीसंग तल बिन्दुमा धर्मशास्त्र छ; हामीले यसलाई प्रचार गर्न सक्छौ; हामीले यसलाई भन्न सक्छौ। हामीले प्रचार गरेर मानिसलाई भित्र ल्याउन सक्छौ, र मण्डलीमा, हरेक वर्ष लाखौको संख्यामा, धर्मान्तरण गर्न सक्छौ। [टेपमा रिक्त स्थान—सम्पा।] हाम्रा सशुल्क गायकहरु, हाम्रा बुद्धिजीवी प्रचारकहरुलाई, यो थाहा छैन कि यस्तो चुनौतीलाई कसरी सामना गर्ने। तिनीहरुलाई यसको बारेमा केहि पनि थाहा छैन। तिनीहरुलाई उहाँको चंगाई गर्ने शक्ति, पवित्र आत्माको बप्तिष्माको बारेमा थाहा छैन, त्यो शक्ति जसले एउटा क्यान्सरले मर्दै गरेको मानिसको छाया लिन सक्छ, र उसलाई मुक्ति दिलाउछ। तिनीहरु त्यस क्षेत्रमा प्रशिक्षित नै छैनन्, जस्तो शाऊल र उसको मानव-निर्मित समूह थियो।

114 तर परमेश्वरको जनहरु र तपाई छोराछोरीहरुमा, म यो भन्छु, ताकि परमेश्वरले तपाईलाई साक्षी बिना कहिल्यै पनि छोड्नुहुने छैन भनेर तपाईलाई थाहा होस्।

115 यो नजानेर, शाऊललाई, शाऊललाई यसको बारेमा केहि पनि थाहा थिएन। तर परमेश्वरसंग पछाडि कतै डाँडाको परी सानो दाऊद थियो, जसले भेडालाई धर्मको सामा खुवाईरहेको थिएन। उसले तिनीहरुलाई शान्त पानीको छेउमा र हरियो खर्कमा होर्याई रहेको थियो। उनी आफ्नो पिताको

भेडा प्रति ख्याल राख्थे। र यदि केहि कुरा दौडेर भित्र आउछ, एउटा शत्रू, उसको पिताको एउटा भेडा चोर्नको लागि, उसलाई त्यो भेडालाई छुटकारा दिनसक्ने परमेश्वरको शक्ति थाहा थियो।

116 परमेश्वरसंग आभ्कै पनि दाऊद छ, कुनै ठाउँमा, जसलाई भेडालाई छुटकारा दिनुको अर्थ के हो भनि थाहा छ, परमेश्वरको शक्तिद्वारा। उसलाई अभ्कै पनि यसको बारेमा सबै थाहा छ।

117 उसले भरोसा गरेको थियो। उसलाई शाऊलको हातहतियारको बारेमा केहि पनि थाहा थिएन, न त उसले त्यो मध्ये कुनै चाहन्थ्यो नै। उसले तिनीहरुको कुनै सम्प्रदाय चाहदैन थियो। उसले आफू माथि पुरानो कवच चाहदैन थियो। उसले भन्यो, “मलाई यसको बारेमा केहि पनि थाहा छैन। तर मैले जानेको शक्तिमा मलाई जान दिनुहोस्।” उसले आफ्नो पिताको भेडाहरुलाई खुवाएको थियो। उसले चरणहरुको ख्याल राखेको थियो। उसले तिनीहरुलाई सहि किसिमको खाना दिएको थियो, र तिनीहरु बाँचे र फलिफाप भए।

118 “मानिस रोटीले मात्र बाँच्दैन। तर परमेश्वरको मुखबाट निस्केको प्रत्येक वचनद्वारा, मानिस जीवित रहँदछ।” साँचो गोठालोले तिनीहरुलाई खुवाउँछ। “येशू ख्रीष्ट, हिजो, आज, र सधैंभरी एकसमान हुनुहुन्छ।” र यदि शत्रूले एउटालाई खोस्यो भने, बिमारमा, उसलाई परमेश्वरको शक्ति थाहा छ।

119 सानो दाऊदलाई, त्यहाँ उभेको हेर्नुहोस्। भन्यो, “त्यो केटा जन्म देखिनै, एउटा योद्धा हो। र उसको युवावस्था देखि नै, उसले अरु केहि नभएर भाला र हतियारको बारेमा मात्रै जानेको छ। ऊ राम्ररी प्रशिक्षित छ। ऊ एउटा धर्मशास्त्री हो। र तिमीलाई यसको बारेमा केहि पनि थाहा छैन।”

120 उसले भन्यो, “त्यो सत्य हो, श्रीमान। मलाई उसको धर्मशास्त्रीय प्रशिक्षणको बारेमा केहि पनि थाहा छैन। तर त्यहाँ एउटा कुरा छ जुन मलाई थाहा छ, कि, जब शत्रू भित्र आउँछ, मेरो पिताको भेडाहरु मध्ये एउटा चोर्न, म परमेश्वरको शक्तिमा गए। मैले त्यस्माई बचाए। मैले त्यसलाई फेरी राम्रो स्वास्थ्यमा सुरक्षित साथ ल्याए। मैले त्यसलाई छायादार हरियो खर्कमा र स्थिर पानीमा फर्काएर ल्याए। र त्यो परमेश्वर जसले मेरो हातमा सिंहलाई सुम्पनुभयो, र मैले त्यसलाई मारे जब त्यसले मेरो एउटा—एउटा

थूमा लग्यो, र उहाँले मलाई भालु मार्न दिनुभयो, त्यसैले स्वर्गका परमेश्वर मसंग यो खतना नगरिएको पलिश्तीलाई मार्न जानुहुनेछ।"

हामीलाई पवित्र आत्माको अगुवाई चाहिन्छ। मलाई मेरा दिनहरु थाहा छैन; कसैलाई पनि थाहा छैन।

121 अर्को बिहान म मेरो पलंगमा पल्टिरहेको थिएँ। र म...म निन्द्रामा पुगे, र मैले जोसेफ बिमार भएको सपना देखे, र मैले उसलाई प्रार्थना गर्नको लागि उसलाई उठाएँ। र जब म जागे, म एकदम दुखित थिए। मैले भने, "ठिक छ, शायद जोसेफ बिमार हुन लाग्दैछ।"

122 र मैले हेरे, मभन्दा अगाडि जाँदै, एउटा सानो, अन्धकार छायामा, त्यो भन्दा बरु एउटा खैरो रङ्ग थियो। र त्यो म नै थिएँ जस्तो देखिन्थ्यो। र मैले त्यो हेरे। र त्यसको पछाडि आईरहेको एउटा कोहि गोरो थियो, र त्यो ऊ थियो। मैले मेरी श्रीमतीलाई हेरे, ऊ जागा छ कि छैन भनेर हेर्नको लागि, ताकी मैले उसलाई यो देखाउन सकूँ, यदि उसले दर्शन देख्न सक्छ भने। तर उनी सुतिरहेकी थिईन्।

123 मैले भने, "ओ, म माफि चाहन्छु, प्रभु। तर, त्यो मेरो जीवन रहेको छ। मैले गरेको सबै कुरामा तपाईले मलाई अगाडि बनाउनुपर्छ। हरेक पटक जे केहि पनि हुन्छ, म सोच्छु कि यो तपाईले गरिरहनुभएको छ। र मैले बुझे कि यो शैतान थियो जसले मलाई यसबाट टाढा राख्न खोज्दै थियो।" मैले भने, "यदि तपाईले मात्रै मलाई डोर्याउनु भएत।" र जसै मैले हेरे, मैले मानिसमा देखेको सबैभन्दा सुन्दर मुहार देखे। उहाँ मेरो अगाडि हुनुहुन्थ्यो, फर्केर हेरिरहनुभएको थियो। उहाँले आफ्नो हात उठाउनुभयो र मेरो समात्नुभयो, र *यो* तरिकामा चलाउन थाल्नुभयो। दर्शनले मलाई छोड्यो। गत आईतबार बिहान, म, चाडै सबेरै उठेको थिए। त्यो शनिबार थियो, यो दर्शन। मा...

124 म जहिले पनि चिन्तित रहे, म सधै मर्ने बारेमा सोच्थे। यो, म पचास भएकोले, यो, मेरो समय होइन...धेरै समय छ जस्तो लाग्दैन। र म सोच्थे कि म त्यो अलौकिक, आकाशीय शरीरमा के हुने थिए। "के यो हुन सक्छ कि म मेरा बहुमूल्य साथीहरुलाई देख्नेछु र, भनौ, एउटा सानो सेतो कुहिरो गयो, र भन्यो, 'त्यहाँ भई नेभिल हुनुहुन्छ,' वा, उहाँले भन्न सक्नुभएन, 'जयमसिह, भाई ब्रन्हाम'? र जब येशू आउनुउँछ, तब म फेरी मानिस हुनेछु।" मैले अक्सर त्यो सोच्थे।

125 म पश्चिममा बाहिर छु भन्ने सपना मैले देख्दै थिए। र म एउटा सानो सेजब्रस ठाउँबाट आउदै थिएँ, र मेरी श्रीमती मसंग थिईन्, र हामीले ट्राउट माछा मारिरहेका थियौ। र म रोकिए र—र ढोका खोल्यो। र आकाश यति सुन्दर थियो। यहाँ उपत्यकामा गरेको जस्तो तिनीहरुले गरेको देखिदैन थियो। ती निलो थिए, र केहि सेतो बादलहरु थिए। र मैले श्रीमतीलाई भने, मैले भने, "हामीहरु यहाँ बाहिर आएको हुनुपर्छ, धेरै समय अगाडि, प्रिय।" उनले भनिन्, "बालबच्चाहरुको खातिर, हामीहरु यहाँ आएको हुनुपर्छ, बिल्ली।" मैले भने, "त्यो..." अनि म उठे।

126 मैले सोचे, "म यति धेरै सपना देखिरहेको छु! मलाई अचम्म लाग्छ किन होला।" र मैले तल हेरे, र उनी मेरो छेउमा सुतिरहेकी थिईन्।

127 र म मेरो सिरानीमा माथि उठे, जसरी तपाईहरु धेरै जसोले गर्नुभएको छ, मेरो टाउको—पलंगको टाउको राख्ने ठाउँमा राखे, र मेरा हातहरु मेरो पछाडि राखे। अनि म त्यहाँ *यसरी* सुतिरहेको थिएँ। र मैले भने, "ठिक छ, म केवल सोच्छु कि यो के हुनेछ, अर्को लोकमा। म पचास वर्षको भईसकेको छु, र मैले अहिले सम्म केहि पनि गरेको छैन। यदि मैले प्रभुलाई सहायता गर्नको लागि केहि गर्न मात्र सके त, किनकि मलाई थाहा छ कि मरणशील हुनेछैन। मेरो आधा जस्तो समय त गएको छ, कमसेकम, वा आधा भन्दा बढि होला। यदि म मेरा मानिसहरु जत्तिकै बुढो उमेरसम्म बाँचे भने, अझै पनि मेरो आधा जस्तो समय गईसकेको छ।" र मैले चारैतिर हेरे। र म त्यहाँ पल्टिरहेको थिए, उठ्ने तयारी गर्दै थिए। त्यो लगभग सात बजेको थियो। मैले भने, "मलाई लाग्छ आज बिहान, म तल मण्डलीमा जानेछु। यदि म कर्कश छु भने, म भाई नेभिलले प्रचार गरेको सुन्न चाहन्छु।"

128 त्यसैले मैले भने, "के तिमी उठ्यौ, प्रिय?" र उनी राम्रोसंग सुतिरहेकी थिईन्।

129 र तपाईले यो छुटाएको म चाहन्न। यसले मलाई परिवर्तन गरेको छ। म उही भाई ब्रन्हाम हुन सक्दिन जुन म हुने गर्थे।

130 र मैले हेरे। र मैले केहि कुरा सुने, जसले भनिरहेको थियो, "तिमीले भर्खरै शुरू गर्दैछौ। लडाई लडिराख। केवल निरन्तर जाऊ।"

131 मैले मेरो टाउको एक मिनेटको लागि हल्लाएँ। मैले सोचे, "ठिक छ, मैले शायद यत्तिकै यो सोचिरहेको होला।" तपाईलाई थाहा छ, एउटा व्यक्तिले

केहि कल्पनाहरु गर्न सक्छ। अनि मैले भने, “शायद मैले त्यो कल्पना गरे होला।”

यसले भन्यो, “लडाई लडिराख। निरन्तर जाऊ। लगातार जाऊ।”

132 मैले भने, “शायद मैले यो भने।” र मैले मेरो ओठ दाँतभित्र राखे, र मेरो हात मेरो मुखमा राखे।

133 र त्यहाँ फेरी यो आयो, भन्यो, “केवल निरन्तर लागिराख। बाटोको अन्त्यमा के छ त्यो तिमीलाई थाहा मात्रै छ भने!”

134 र यस्तो लाग्थ्यो कि मैले ग्राहम स्टेलिंग, वा कसैलाई सुन्न सक्थे, जसले त्यो गीत यसरी गायो। (तिनीहरुले यो यहाँ गाउँछन्, एन्ना माए र तपाईहरु सबैले।):

म घर सम्झेर निलो भएको छु, र म येशूलाई हेर्न चाहन्छु,
म ती मिठो बन्दरगाहको घण्टीहरु सुन्न चाहन्छु;
यसले मेरो मार्ग उज्यालो पार्नेछ र मेरा सबै डरहरु हटाउनेछ;
प्रभु, मलाई समयको पर्दा पछाडि हेर्न दिनुहोस्।

तपाईले यो यहाँ मण्डलीमा गएको सुन्नुभएको छ।

135 र मैले केहि कुराले भनेको सुने, “के तिमीलाई समयको पर्दा पछाडि हेर्न इच्छा छ?”

मैले भने, “यसले मलाई धेरै सहायता गर्नेछ।”

136 र मैले हेरे। केवल एक पलमा, म...एक श्वासमा म त्यो एउटा सानो ठाउँमा जुन एकतर्फा थियो। मैले पछाडि फर्केर हेरे, र म त्यहाँ थिए, पलंगमा सुतिरहेको। र मैले भने, “यो अनौठो कुरा हो।”

137 अब, तपाईले यो दोहोर्याएको म चाहन्न। यो मेरो मण्डलीको अगाडि हो, वा मेरो भेडाको लागि हो जसलाई म पास्टर गरिरहेको छु। चाहे यो थियो, म यो शरीरमा थिए वा बाहिर थिए, चाहे यो अनुवाद थियो, यो मैले देखेको कुनै दर्शन जस्तो थिएन। मैले त्यहाँ हेर्न सक्थे, र मैले यहाँ हेर्न सक्थे।

138 र जब म त्यो सानो ठाउँमा पुगे, मैले यति धेरै मानिसहरु दौडिदै, कराएर आउदै यो भनेको सुनेको थिईन, “ओ, मेरो बहुमूल्य भाई!”

139 र मैले हेरे। र जवान युवतीहरु, शायद तिनीहरु आफ्नो प्रारम्भिक बीस, अठार देखि बीससम्म थिए, तिनीहरुले आफ्ना अंगालोहरु म तर्फ दिदै थिए, र कराउदै थिए, "हाम्रा बहुमूल्य भाई!"

140 यहाँ जवान युवा आउँछ, युवावस्थाको तेजमा। र तिनीहरुको आँखा चम्किरहेको र अन्धकारको रातमा ताराहरु जस्तै थिए। तिनीहरुको दाँत मोती जस्तै सेतो थियो। र तिनीहरु कराउदै, र मलाई समाईरहेका थिए, र चिच्याउदै थिए, "ओ, हाम्रा बहुमुल्य भाई!"

141 र मैले रोके, र मैले हेरे। र म जवान थिए। मैले फर्केर मेरो पुरानो शरीरलाई मेरो शिरको पछाडि मेरो हात राखिरहेको अवस्थामा, त्यहाँ पल्टिरहेको देखे। र मैले भने, "म यो बुभ्दिन।"

142 र यी जवान युवतीहरुले मेरो वरपर आफ्ना हात फैलाईरहे। अब, मलाई थाहा छ यो मिश्रित श्रोताहरु छन्, र म यो मिठासपूर्ण र आत्माको कोमलताका साथ भन्दछु। पुरुषहरुले मानवीय संवेदना बिना महिलाको वरिपरी आफ्नो हात राख्न सक्दैन; तर यो त्यहाँ थिएन। त्यहाँ न हिजो न भोली थियो। तिनीहरु थकित भएनन्। तिनीहरु...मैले त्यति सुन्दर महिलाहरु मेरो जीवनमा कहिल्यै पनि देखेको थिएन। तिनीहरुको कम्मर रेखासम्म कपाल थियो, पाउसम्म लामो स्कर्टहरु थियो। र तिनीहरु केवल मलाई अँगाल्दै थिए। यो मेरी आफ्नै बहिनीको, अँगालो जस्तो पनि थिएन, जो त्यहाँ बसिरहेकी छिन्। उनीहरुले मलाई चुम्बन गरिरहेका थिएनन्, र मैले उनीहरुलाई चुम्बन गरिरहेको थिईन। यो केहि थियो जुनको लागि म—मसंग कुनै—शब्दावली छैन, भन्नको लागि मसंग शब्द छैन। "सिद्ध" ले यसलाई छुन सक्दैन। "उत्कृष्ट" ले कतै छुनसम्म, सक्नेछैन। यो केहि त्यस्तो चीज थियो जुन मैले कहिल्यै...तपाई केवल त्यहाँ हुनुपर्दछ।

143 र मैले *यो* बाटोमा हेरे, र *त्यो* बाटोमा हेरे। र उनीहरु, हजारौंको संख्यामा आईरहेका थिए। र मैले भने, "म यो बुभ्दिन।" मैले भने, "ठिक छ, उनीहरु..."

144 र यहाँ आशा छ। उनी मेरी पहिलो श्रीमती थिईन्। उनी दौडीन्, र कहिल्यै भनिनन्, "मेरो श्रीमान।" उनले भनिन्, "मेरो प्यारो भाई," र जब उनले मलाई अँगालो हालिन्, त्यहाँ अर्को महिला उभिरहेकी थिईन्, जसले मलाई अँगालो हालिन्, र त्यसपछि होपले यस महिलालाई अँगालो हालिन्, र एक अर्काले हालिन्। र मैले सोचे, "ओ, यो केहि फरक हुनुपर्छ।

यो हुन सक्दैन…त्यहाँ केहि कुरा छ…” मैले सोचे, “ओ, के म फेरी फर्केर त्यो पुरानो शवमा फर्कन चाहन्छु होला?”

145 त्यसपछि मैले वरपर हेरे। मैले सोचे, “यो के हो?” र मैले हेरे, साच्चै राम्रो। र मैले—मैले भने, “म—म यो बुझ्न सक्दिन।” तर होप, ओ, सम्मानको अतिथि जस्तो देखिन्थिन्। उनी कुनै फरक थिईन्, तर सम्मानको अतिथि जस्तै।

146 र त्यसबेला मैले एउटा आवाज सुने जो मसंग बोल्यो, जो कोठामा थियो, भन्यो, “तपाईले प्रचार गर्नुभएको यो पवित्र आत्मा हो। यो सिद्ध प्रेम हो। र यो बिना यहाँ केहि पनि प्रवेश गर्न सक्दैन।”

147 म मेरो जीवनमा पहिले भन्दा बढि दृढ छु, कि त्यहाँ प्रवेश गर्न, सिद्ध प्रेम चाहिन्छ। त्यहाँ कुनै इर्ष्या थिएन। त्यहाँ कुनै थकान थिएन। त्यहाँ कुनै मृत्यु थिएन। त्यहाँ कहिल्यै पनि, बिमारी हुदैन। मृत्यु दर; केहि—केहिले तपाईलाई कहिल्यै बुढो बनाउन सक्दैन। र…तिनीहरु रुन सक्दैनन्। त्यो केवल एउटा आनन्द थियो।

148 “ओ, मेरो प्रिय भाई!” र तिनीहरुले मलाई माथि लगे, र मलाई ठूलो महान उच्च स्थानमा स्थापित गराउनुहोस्।

149 मैले सोचे, “मैले सपना देखिरहेको छैन। म यहाँ खाटमा पल्टिरहेको आफ्नो—आफ्नो शरीरलाई हेरिरहेको छु।”

150 र तिनीहरुले मलाई त्यहाँ माथि राखे। र मैले भने, “ओ, म यहाँ माथि बस्नुहुन्न।”

151 र यहाँ महिला र पुरुषहरु, दुवैतर्फबाट, आफ्नो युवावस्थामा, कराउदै आए, र एउटी महिला त्यहाँ खडा थिईन्, र उनी कराईन्, “ओ, मेरो प्यारो भाई! ओ, तपाईलाई यहाँ देखेर हामी अत्यन्त खुसी छौं।”

मैले भने, “मैले यो बुझिन।”

152 र त्यसपछि त्यो आवाज जो मसंग, माथिबाट बोलिरहेको थियो, भन्यो, “तिमीलाई थाहा छ, यो बाईबलमा लेखिएको छ कि अगमवक्ताहरु तिनीहरुको मानिससंग भेला भएका थिए।

र मैले भने, “हो, मलाई शास्त्रमा त्यो रहेको याद छ।”

भन्यो, “ठिक छ, यो तब हुनेछ जब तिमी आफ्ना मानिसहरुसंग भेला हुनेछौ।”

मैले भने, “तब तिनीहरु वास्तविक हुनेछन्, र म तिनीहरुलाई महसूस गर्न सक्छु।”

“ओ, हो।”

153 मैले भने, “तर, त्यहाँ लाखौ छन्। त्यहाँ त्यति धेरै बन्हामहरु छैनन्।”

154 र त्यो आवाजले भन्यो, “तिनीहरु ब्रन्हामहरु होइनन्। तिनीहरु तपाईका धर्मपरिवर्ती हुन्। तिनीहरु ती हुन् जसलाई तिमीले प्रभुमा डोर्याएको थियौ।” र भन्यो, “ती मध्ये केहि महिलाहरु, जो तिमीले सुन्दर ठानेको छौ, नब्बे वर्षको उमेर भन्दा बढि थिए जब तिमीले प्रभुकहाँ लागेको थियौ। कुनै आश्चर्य छैन कि तिनीहरु कराईरहेका थिए, ‘मेरो प्रिय भाई!’”

155 र तिनीहरु कराए, एकैसाथ, भने, “यदि तपाई नजानुभएको भए, हामी यहाँ हुनेथिएनौ।”

मैले वरिपरी हेरे। मैले सोचे, “ठिक छ, मैले यो बुझिन।”

मैले भने, “ओ, येशू कहाँ हुनुहुन्छ? म उहाँलाई यति धेरै, हेर्न चाहन्छु।”

156 तिनीहरुले भने, “अब, उहाँ केवल थोरै माथि हुनुहुन्छ, ठिक *त्यहाँ* माथि।” भन्यो, “कुनै दिन उहाँ तिमीकहाँ आउनुहुनेछ।” बुझ्नुभयो? भन्यो, “तिमीलाई पठाईएको हो, एउटा अगुवाको रूपमा। र त्यसपछि परमेश्वर आउनुहुनेछ। र जब उहाँ आउनुहुनेछ, उहाँले तिमीलाई तिमीले तिनीहरुलाई सिकाए बमोजिम न्याय गर्नुहुनेछ, पहिलो, चाहे तिनीहरु भित्र जान्छन् या जाँदैनन्। हामीहरु तिम्रो शिक्षा अनुसार जानेछौ।”

157 मैले भने, “ओ, म धेरै खुसी छु। के पावलले, के उहाँ पनि यसरी नै उभिनुपर्छ? के पत्रुस यसरी नै उभिनुपर्छ?”

“हो।”

158 मैले भने, “त्यसोभए मैले हरेक वचन तिनीहरुले प्रचार गरेको जस्तै प्रचार गरेको छु। म कहिल्यै पनि त्यसबाट तर्किन, एक तर्फबाट अर्कोतर्फमा। जहाँ तिनीहरुले येशू ख्रीष्टको नाउँमा बप्तिष्मा दिए, मैले पनि त्यहि गरे। जहाँ तिनीहरुले पवित्र आत्माको बप्तिष्माको बारेमा सिकाए, मैले पनि त्यहि गरे। जे के पनि तिनीहरुले सिकाए, मैले पनि त्यहि गरे।”

159 र ती मानिसहरु कराए, र भने, “हामी यो जान्दछौ। र हामी जान्दछौ कि कुनै दिन, हामी फर्केर तपाईसंग, पृथ्वीमा जानेछौ।” भन्यो, “येशू

आउनुहुनेछ, र हामीलाई तपाईले प्रचार गरेको वचन अनुसार तपाईको न्याय गरिनेछ। र त्यसपछि यदि तपाई त्यो समयमा स्वीकार गरिनुभयो भने, जुन तपाई हुनुहुनेछ," र भन्यो, "त्यसपछि तपाईले हामीलाई उहाँमा प्रस्तुत गर्नुहुनेछ, तपाईको सेवाको ट्र्फीको रूपमा।" भन्यो, "तपाईले हामीलाई उहाँमा अगुवाई गर्नुहुनेछ, र, सबै संगै, हामीहरु पृथ्वीमा फर्केर सदाको लागि, जिउनलाई जानेछौ।"

मैले भने, "के म अब फर्किनुपर्छ?"

"हो। तर जारी राख्नुहोस्।"

160 मैले हेरे। र मैले मानिसहरुलाई देख्न सक्थे, जहाँसम्म मैले देख्न सक्थे, अझै आईरहेको, मलाई अँगाल्न, कराउन, "हाम्रो प्रिय भाई!"

161 ठिक त्यसबेला एउटा आवाजले भन्यो, "तिमीले सधै माया गरेको सबैकुराहरु, र सबैकुरा जुनले तिमीलाई सधै माया गर्यो, त्यो परमेश्वरले तिमीलाई दिनुभएको छ।" र मैले हेरे। र यहाँ मेरो पुरानो कुकुर आउछ, माथि हिड्दै आयो। यहाँ मेरो घोडा आयो, र उसको टाउको मेरो काँधमा राख्यो, र बस्यो। भन्यो, "तिमीले सधै माया गरेको सबैकुरा, र सबैकुरा जसले तिमीलाई सधै माया गर्यो, परमेश्वरले तिनीहरुलाई तिम्रो सेवकाई मार्फत, तिम्रो हातमा दिनुभएको छ।"

र मैले आफूलाई त्यो सुन्दर ठाउँबाट कतै लागिएको महसूस गरेँ।

162 र मैले चारैतिर हेरे। मैले भने, "के तिमी उठ्यौ, प्रिय?" उनी अझै पनि सुतिरहेकी थिईन्।

163 र मैले सोचे, "ओ परमेश्वर! ओ, मलाई सहायता गर्नुहोस्, ओ परमेश्वर। मलाई एउटा पनि वचनमा कहिल्यै सम्झौता गर्न नदिनुहोस्। मलाई त्यो वचनमा सीधा रहन दिनुहोस्, र यसलाई प्रचार गर्न दिनुहोस्। के आउँछ र के जान्छ, र अरुले के गर्छ भन्ने कुरा मलाई परवाह छैन; कति धेरै शाऊलहरु...किशको पुत्रहरु उठ्छन्, कति धेरै *यो, त्यो*, वा *अन्य*। मलाई, प्रभु, त्यो स्थानमा जान दिनुहोस्।" मृत्युको सबै डर...

164 म यो भन्छु, यो बिहान, मेरो बाईबललाई मेरो अगाडि राखेर। मेरो त्यहाँ हुर्काउनको लागि, एउटा सानो केटा छ, चार वर्षको। मेरो नौ वर्षकी केटि छ; र एउटा किशोरी, जसको लागि मा धन्यवादी छु, जसले प्रभुको बाटो बदलिदिएको छ। परमेश्वर, तिनीहरुलाई परमेश्वरको सल्लाहमा हुर्काउनको लागि, मलाई बाँच्न दिनुहोस्।

165 र सबैभन्दा माथि, पूरा संसार मप्रति कराईरहेको जस्तो देखिन्छ, नब्बे वर्षका महिला र पुरुषहरु, र सबै प्रकारका, “यदि तपाई नजानुभएको भए, हामी यहाँ हुने थिएनौ।”

166 र, परमेश्वर, मलाई त्यो लडाई लड्न दिनुहोस्। तर यदि यो मर्ने कुरामा आउँछ भने, म उदास छैन। यो मरणशील र अपमानबाट, प्रवेश गर्नु, यो एउटा आनन्द, र यो एउटा खुसी हुनेछ।

167 यदि मैले, माथि लोकमा, एक समय बिलियन मिल अग्लो, एक वर्ग ब्लक बनाउन सक्छु, त्यो सिद्ध प्रेम हो, हरेकले यो बाटो टेक्छ, यो साँघुरो रहन्छ, जबसम्म हामी त्यहाँ पुग्दैनौ जहाँ अहिले हामी छौ। यो केवल भ्रष्टचारको छाँया मात्रै हुनेछ, त्यो सानो केहि कुरा जुन हामीले बुझ्न सक्छौ र त्यहाँ कुनै ठाउँमा केहि छ भनि महसूस गर्न सक्छौ। हामीलाई थाहा छैन यो के हो।

168 ओ, मेरा प्रिय मित्रहरु, मेरा प्रिय जनहरु, सुसमाचारका मेरा प्रियहरु, परमेश्वरमा मेरा जन्मिएका छोराछोरीहरु, मलाई सुन्नुहोस्, तपाईको पाष्टर। तपाई, काश मैले तपाईलाई व्याख्या गर्न सक्ने त्यहाँ कुनै तरिका भईदिए। त्यहाँ कुनै शब्दहरु छैन; मैले यो भेट्टाउन सक्दिन; यो कहिँ पनि भेटिएको छैन। तर यो अन्तिम श्वासभन्दा बाहिर, तपाईले देख्नुहुने सबैभन्दा महिमामय कुरा छ...यसलाई व्याख्या गर्ने त्यहाँ कुनै तरिका नै छैन। त्यहाँ कुनै तरिका छैन। मैले यो गर्न सक्दिन। तर जे केहि पनि तपाई गर्नुहुन्छ, मित्र, तपाई सिद्ध प्रेममा नपुगेसम्म सबैकुरालाई एकतर्फ राख्नुहोस्। त्यो स्थानमा जानुहोस् जहाँ तपाईले सबैलाई प्रेम गर्न सक्नुहुन्छ, हरेक शत्रु, सबैजनालाई।

169 त्यहाँको त्यो भ्रमणले, मलाई, अर्कै मानिस बनाएको छ। म कहिल्यै, कहिल्यै, कहिल्यै पनि उहि भाई ब्रन्हाम हुनसक्दिन जो पहिले थिए। चाहे विमानहरु हल्लिरहेका छन्, चाहे बिजुली चम्किरहेको छ, चाहे जासूसले ममाथि बन्दुक किन नराखोस्, यो जे केहि पनि होस्, यसले फरक पार्दैन। परमेश्वरको कृपाले, म मेरो लडाई लडिरहनेछु। किनकि, मैले सक्ने ती हरेक प्राणी र हरेक व्यक्तिलाई म सुसमाचार प्रचार गर्छु, तिनीहरुलाई त्यो सुन्दर भूमिमा मनाउनको लागि।

170 यो कठिन जस्तो लाग्न सक्छ। यसले धेरै बल लिन सक्छ। मलाई थाहा छैन अझै कति लामो हो। हामिलईए थाहा छैन, शारीरिक रूपमा बोल्दा।

अँ...मेरो परिक्षणबाट अर्को दिन, उहाँले भन्नुभयो, "तपाईले कठिनसंग पच्चीस वर्ष पाउनुभएको छ, राम्रो जीवन जिउन। तपाई ठोस हुनुहुन्छ।" त्यसले मलाई मद्दत गर्यो। तर, ओ, त्यो यो थिएन। त्यो यो थिएन। यो *यहाँ* भित्रको केहि कुरा हो। यो मरणशीलताले अमरत्व धारण गर्नुपर्छ। यो नाशवानले अमरत्व धारण गर्नुपर्दछ।

171 किशका पुत्रहरु उठ्न सक्छान्। म...तिनीहरुले गर्ने सबै असल कुराहरु, यसको बारेमा भन्नको लागिमसंग कुनै गलत कुरा छैन, गरीबलाई र दानमा दिने। र याद गर्नुहोस्, किन, शमूएलले शाऊललाई भने, "तिमीले पनि भविष्यवाणी बोल्नेछौ।" र तिनीहरु मध्ये धेरै जसो मानिसहरु महान, शक्तिशाली प्रचारक हुन्, वचनलाई प्रधान स्वर्गदूतले झैँ गरी प्रचार गर्न सक्छन्। तर अझै पनि यो परमेश्वरको इच्छा थिएन। परमेश्वर तिनीहरुको राजा हुन पर्नेथियो। भाई, बहिनी, पवित्र आत्माले तपाईलाई डोर्याउन दिनुहोस्।

हाम्रा शिरहरु एक पलको लागि निहुर्याऔ।

म यति धेरै घर सम्झेर निलो भएको छु, म येशूलाई
  हेर्न चाहन्छु,
म ती मिठो बन्दरगाहको घण्टीहरु सुन्न चाहन्छु;
यसले मेरो मार्ग उज्यालो पार्नेछ र मेरा सबै डरहरु
  हटाउनेछ;
प्रभु, हामीलाई समयको पर्दा पछाडि हेर्न दिनुहोस्।

प्रभु, मलाई कष्ट र डरको पर्दा पछाडि हेर्न दिनुहोस्,
मलाई त्यो घमाइलो उज्यालो मौसम हेर्न दिनुहोस्;
यसले मेरो मार्ग उज्यालो पार्नेछ र मेरा सबै डरहरु
  हटाउनेछ;
प्रभु, हामीलाई समयको पर्दा पछाडि हेर्न दिनुहोस्।

172 म निश्चित छु, प्रभु, यदि यो सानो मण्डली, यस बिहान, केवल समयको पर्दा पछाडि हेर्न सके त: तिनीहरुको बीचमा कुनै पिडा हुनेछैन, त्यहाँ कहिल्यै हुनसक्दैन; सिद्धता बाहेक केहि हुनेछैन। र यहाँ र त्यहाँको बीचमा यो केवल एउटा श्वास मात्रै हो, वृद्धा उमेर देखि युवासम्म, समय देखि अनन्तकालसम्म, भोलीको थकानबाट, र हिजोको दुख, सिद्धतामा अनन्तकालको वर्तमान समय सम्म।

173 म प्रार्थना गर्दछु, परमेश्वर, कि तपाईले यहाँको हरेक मानिसलाई आशिष दिनुहुनेछ, यदि त्यहाँ तिनीहरु छन् भने, प्रभु, जसले तपाईलाई त्यो प्रेमको तरिकामा चिन्दैनन्। र साच्चै, पिता, त्यो खालको प्रेम बिना, नयाँ जन्म, नयाँ गरी फेरी नजन्मिकन केहि पनि त्यो पवित्र स्थानमा प्रवेश पाउन सक्दैनन्। पवित्र आत्मा, परमेश्वर, प्रेम हुनुहुन्छ, र हामी जान्दछौ कि त्यो सत्य हो। चाहे हामीले विश्वास द्वारा पहाड किन नहटाऔ, चाहे हामीले महान काम गर्यौं, अझै पनि, त्यो बिना त्यहाँ, हामीले कहिल्यै पनि त्यो सिढी पारी चढ्न सक्दैनौ। तर त्यो संगै, यसले हामीलाई यो पार्थिव हेरचाह भन्दा पर उठाउनेछ। म प्रार्थना गर्छु, पिता, कि तपाईले यहाँ मानिसहरुलाई आशिष दिनुहुनेछ।

174 र हुनसकोस्, कि, हरेक व्यक्ति जसले मलाई सुनेको छ, यस बिहानीमा, यो सत्य भनून्, कि तपाई मेरो साक्षी हुनुहुन्छ, प्रभ, जसरी पुरानो समय शमूएल थिए, "तपाईको नाउँमा मैले सत्य बाहेक तिनीहरुलाई अरु केहि भने?" तिनीहरु न्यायधीशहरु छन्। र अब म तिनीहरुलाई भन्दछु, प्रभु, कि तपाईले मलाई त्यो भूमिमा लानुभएको थियो। र यो सत्य हो भनि तपाईलाई थाहा छ।

175 र अहिले, पिता, यदि त्यहाँ कोहि छन् जसले तपाईलाई चिन्दैनन्, यो नै घडी हो कि तिनीहरुले भन्नेछन्, "प्रभु, मभित्र तपाइको इच्छा होस् भन्ने इच्छा राख्नुहोस्।" प्रदान गर्नुहोस्, पिता।

176 र अब, तपाई, आफ्नो शिर झुकाउदै, के तपाईको हात उठाएर, भन्नुहुन्छ, "मेरो लागि प्रार्थना गरिदिनुहोस्, भाई ब्रन्हाम, परमेश्वर मभित्र हुनुहुनेछ।"

177 अब तपाई जहाँ हुनुहुन्छ त्यहि तिर, बिल्कुल वास्तविक रूपमा, किन तपाई केवल पितालाई भन्नुहुन्न, "परमेश्वर, मेरो हृदय भित्र, आज, म संसारका सबै चीजहरु त्याग्छु। म सबैथोक त्याग्छु, मेरो सम्पूर्ण जीवनले, तपाईलाई प्रेम गर्न र सेवा गर्नको निमित्त। र म गर्नेछु, आजको दिन देखि नै, अब उप्रान्त, तपाईलाई पछ्याउनेछु, तपाईको बाईबलको हरेक धर्मशास्त्रमा"? यदि तपाई इसाई बप्तिष्मामा बप्तिष्मा हुनुभएको छैन भने, "म हुनेछु, प्रभु।"

178 "यदि तपाईले अहिलेसम्म पवित्र आत्मा पाउनुभएको छैन भने..." तपाईले कहिले पाउनुभयो भनि तपाईले जान्नुहुनेछ। यसले तपाईलाई

दिनेछ—यसले तपाईलाई चाहिने निश्चितता र प्रेम दिनेछ। ओ, तपाईले फरक गर्नुभएको होला, संवेदनाहरु होला, जस्तो तपाई अन्यभाषाहरुमा कराउने र बोल्ने गर्नुभएको होला, जुन राम्रो हो। तर यदि त्यो दिव्य प्रेम त्यहाँ छैन भने, मलाई अहिले विश्वास गर्नुहोस्, भन्नुहोस्, "प्रभु, मेरो हृदयमा राख्नुहोस्, र मेरो प्राणमा, तपाईको आत्माको पहुँच राखेर, ताकी म प्रेम, आदर गर्न सकूँ, र त्यो दिव्य प्रेम मेरो हहृदयमा होस्, आज, जसले मलाई त्यो भूमिमा जानेछ जब म मेरो अन्तिम श्वास छोड्नेछु," जब कि हामी प्रार्थना गर्दछौ। तपाई प्रार्थना गर्नुहोस्, आफैमा, अहिले। तपाईको आफ्नै तरिकामा, तपाई प्रार्थना गर्नुहोस्, परमेश्वरलाई तपाईको निम्ति त्यो गरिदिनको निम्ति भन्नुहोस्।

179 म तपाईलाई प्रेम गर्छ। म तपाईलाई प्रेम गर्छ। तपाई प्रिय खैरो शिर भएको पुरुषहरु, जसले कडा परिश्रम गरेर साना नानीहरुलाई खुवाउनुभएको छ! तपाई गरीब, वृद्ध आमाहरु जसले आफ्नो आँखाहरुमा आँशु ल्याउनुभएको छ! तपाईहरुलाई म यो आश्वासन दिन चाहन्छु, दिदिबहिनी, प्रिय, अर्को श्वास परी यो यस्तो छैन। म विश्वास गर्छु कि यो बिल्कुल कोठामा छ। यो केवल आयाम हो जसमा हामी बाँचीरहेका छौ। यो केवल मरणशील हो जसमा हामी बाँचिरहेका छौ।

180 "तर ममा इच्छा राख्नुहोस्, प्रभु, तपाईको इच्छा पुरा हुनको लागि।" हामीले संगै प्रार्थना गरिरहदा, तपाई प्रार्थना गर्नुहोस्।

181 आदरपूर्वक, प्रभु, तपाईको वचन र तपाईको आत्माको आधारमा, हामीहरु यसकारणले यति धेरै खुसी छौ कि हामीलाई थाहा छ हाम्रो जन्म कहाँबाट आएको छ। हामीहरु खुसी छौ किनकि हामी "मानिसको इच्छामा जन्मेनौ, न त शरीरको इच्छामा, तर परमेश्वरको इच्छामा।"

182 र हामी प्रार्थना गर्छौं, आज, पिता, कि यी जो अहिले क्षमा दिने अनुग्रहको लागि विन्ती माग्दैछन्, कि तपाईको आत्माले त्यो काम गर्नेछ, प्रभु। मैले य्हो गर्नको लागि त्यहाँ कुनै तरिका छैन; म केवल एउटा मानिस हुँ, किशको अर्को पुत्र। तर हामीलाई तपाई चाहिन्छ, पवित्र आत्मा।

183 परमेश्वर, मलाई शमूएल जस्तै हुन दिनुहोस्, जसले वचनको सत्यता भन्दछ। र तपाईले यो प्रमाणित गर्नुभएको छ, अहिलेसम, र म विश्वास गर्छु कि जबसम्म म तपाईमा सच्चा बसिरहन्छु, तपाईले जारी राख्नुहुनेछ।

184 तिनीहरु सबैले अनन्त जीवन प्राप्त गर्न सकेका होऊन्, पिता। यो दिन तिनीहरुबाट कहिल्यै पनि नछुटोस्। त्यो घडी जब तिनीहरुले यो संसार छोड्ने समय आउँछ, यो हुनसकोस्, जे कुरा मैले भर्खरै तिनीहरुलाई भनेको छु, वास्तविकता बनेको होस्। र जसै हामी यहाँ बस्छौ, मरणशील, आज, हाम्रो घडीमा हेर्दै, हाम्रो रातको खानाको बारेमा सोच्दै, भोलीको कामको लागि, जीवनको फिक्री र परिश्रमको बारेमा, ती कुराहरु त्यसबेला हुनेछैन। ती सबै हराएर जानेछ। त्यहाँ कुनै फिक्री हुनेछैन; र अनन्तकालको एउटा महान ठूलो आनन्द हुनेछ। तिनीहरु हरेकलाई, पिता, त्यस प्रकारको जीवन दिनुहोस्। र हुनसकोस्...

185 म तपाई यो सोध्छु, पिता, कि हरेक व्यक्ति जो यहाँ यस बिहानीमा छ, जसलाई मैले यो दर्शन भनेको सुनेका छन्, मैले तिनीहरु हरेकलाई अर्को छेउमा भेट्न सकूँ; यद्धपि यहाँ ती पुरुषहरु हुन सक्छन् जो मासंग असहमत हुनुहुन्छ, र महिलाहरु, पनि। तर, पिता, त्यसलाई हाम्रो बाटोमा बाधा बन्न नदिनुहोस्। हामीले उहाँहौरलाई त्यहाँ भेट्न सकूँ, र तिनीहरु चल्छन्, पनि, र हामीले एक अर्कालाई अँगाल्छौ, भन्छौ, "हाम्रो प्रिय भाई।" त्यो त्यहाँ देखाए जस्तै होस्, प्रभु, हरेकको लागि, मैले प्रेम गरेको सबै, र सबैकुरा जसले मलाई प्रेम गर्यो। म प्रार्थना गर्छु कि यो त्यो तरिकामा हुनेछ, प्रभु। र म तिनीहरु सबैलाई प्रेम गर्छु। तिनीहरुलाई त्यहाँ प्रकट हुन दिनुहोस्, पिता। म तिनीहरुलाई अहिले अनन्त जीवन प्रदान गर्छु। तिनीहरुले आफ्नो भाग गरेका होउन्, यसलाई स्वीकार गर्नको लागि। किनकि म यो येशूको नाउँमा माग्दछु। आमेन।

186 हामीसंग केहि क्षण मात्रै बाकि छ, बिरामीहरुको निम्ति प्रार्थना गर्नको लागि। म देख्न सक्छु एउटा सानी, बिरामी केटि यहाँ, र एकजना महिला एउटा कुर्सीमा हुनुहुन्छ।

187 अब, मेरो अत्यन्त प्रिय दाजुभाई, दिदीबहिनीहरु, कृपया मलाई गलत नबुझिदिनुहोला। म—म जान्दिन कि के भयो। के भयो मलाई थाहा छैन। तर, परमेश्वर, जब म मर्छु, मलाई त्यहाँ फर्केर जान दिनुहोस्। केवल मलाई त्यस ठाउँमा जान दिनुहोस्, जहाँ म जान चाहन्छु, जहाँ कहिँ पनि त्यो थियो। म त्यो पावल बन्न खोजेको होइन जसले तेस्रो स्वर्गहरु देखे। म त्यो भनिरहेको छैन। म विश्वास गर्छु कि उहाँले मलाई केवल प्रोत्साहित गर्न

खोज्नुभयो, मेरो नयाँ सेवकाईमा आउँदै गर्दा, मलाई धकेल्न मलाई केहि दिन खोज्दै थियो।

188 के यदि मैले यहाँ केहि कुरा पढे भने अपमानजनक देखिन्छ, केवल एक मिनेटको लागि? के यो ठिक छ? राष्ट्रको प्रमुख पत्रिकाहरु मध्ये एक, बिल्ली ग्राहम:

> *द अफ्रिकान्स टाईम्स* को पहिलो पृष्ठमा, *डाक्टर बिल्ली ग्राहमलाई इस्लाममा आमन्त्रित गरियो,* फेब्रुअरी पन्ध्रौ, १९६०। लेखको लेखक, जो मुस्लिम, मोहम्मदक अनुयायी थिए, यो सोच्छन् कि आश्चर्यकर्महरुले ख्रीष्टको सुसमाचारलाई पछ्याउनुपर्दछ, जो हिजो, आज, सधै भरी एकसमान हुनुहुन्छ। हामीले उद्धृत गर्छौ: “यो यो हो: ख्रीष्टले उहाँको अनुयायीहरुलाई प्रतिज्ञा गर्नुभयो, जब उहाँले भन्नुभयो, ‘मलाई विश्वास गर्नेले, मैले गरेका कामहरु गर्नेछन्; यो भन्दा पनि ठूलो काम गर्ने छ।’ के मण्डलीले कहिल्यै कामहरु गर्यो, जुन, जुन—बाईबलमा भएको ख्रीष्टको गुणहरु हो? के यो आज हुनसक्छ? के कुनै मण्डलीले ख्रीष्टले गरेका आधा आश्चर्यका कामहरु पनि छुट्टाउन सक्छन्, ‘महान कमहरुको’ कुरा गर्नुपरेन? के तपाई, एक व्यक्तिको रूपमा, इसाईको इज्जत, वकालत गर्न, उठ्छ, शारीरिक जीवनमा मृत्युबाट उठाउँछ? के तपाई समुन्द्रमा हिड्न सक्नुहुन्छ? के तपाईले बिमारीलाई निको पर्ने र अन्धोलाई दृष्टि दिन सक्नुहुन्छ? के यो, माथि उद्धृत गरेको युग अनुसार, मोहम्मदको स्थापना भएको होइन, वा, राखियो, वा, ख्रीष्टका अनुयायीहरु द्वारा परिक्षण केहिको भनाईको रूपमा, तपाईको विश्वासमा थियो?’” मुस्लिम लेखमा लागि धेरै स्पष्ट रूपमा एक पछि अर्को गलत बयान हो।

189 तिनीहरुले यो मुस्लिमलाई बदनाम गरे, तर उनी सहि थिए। तर यहाँनिर यो छ जुन तिनीहरुले भन्नुपर्थ्यो:

> जसको लागि सबैभन्दा उत्तम जवाफ, बाईबल पढ्न, र कुरानलाई जान्न। कुरानले त्यो भोग्छ…द्वारा…तुलनाबाट पिडित भएको छ। मोहम्मदवादको दावीहरुले “इसाई धर्ममा उत्कृष्ट भई पछाडि पार्दैछ।” जुन शुद्ध, (बि–ओ–एम–बि–ए–एस–टि–आई–सी) विस्फोटनपूर्ण (मलाई लाग्छ) कल्पना। यद्धपि, लेखकले, मण्डलीसंग सम्बन्धित आश्चर्यकर्महरुको सन्दर्भमा

महत्वपूर्ण बिन्दुलाई छोएका छन्। तर यहाँ फेरी पनि हामी लेखकको इमानदारीतामा संका गर्छौं, किनकि रेभ. विलियम ब्रन्हामले गरेका आश्चर्यकर्माहरुलाई कसले औंल्याउन र विवाद गर्न सक्छ जुन दक्षिण अफ्रिकामा मुस्लिमहरुको अगाडि भएको थियो, जब दस हजार जनाले ख्रीष्टलाई मुक्तिदाताको रूपमा प्राप्त गरे जुन विलियम ब्रन्हामको सेवकाई अन्तर्गत भयो, डरबन, दक्षिण अफ्रिकामा, र संसारभरी अन्य ठाउँमा, वा पूर्वी अफ्रीकामा टि.एल. अस्बोर्नलको? अवश्यपनि, हामी बिल्ली ग्राहमको लागि एक सय प्रतिशत खडा छौं। हामीले प्रश्नको बिन्दुमा कुरा गर्यौं, होइन...प्रश्नको यो बिन्दुको कुनै मूल्य नै छैन।

190 यसको हरेक भागको बीचमा (तिनीहरुले मलाई बोलाए...भन्यो हामीहरु कट्टरपन्थी हौ, हामीलाई थाहा थिएन हामीले के गर्दैछौ भन्ने), तिनीहरुले आफ्नै कागजमा, साक्षी दिनुपर्यो, कि यो परमेश्वरले गर्नुभयो, जसरी पनि। परमेश्वर केवल उत्तिकै परमेश्व, आज हुनुहुन्छ, जत्तिको उहाँ पहिले हुनुहुन्थ्यो।

191 तपाईले यो नसोच्नुहोला कि तिनीहरुले यो विश्वास गर्दैनन्, तिनीहरुले यो देख्दैनन्। केवल यो लुकेको छैन; यो कुनामा गरिएको होइन।

192 र सयौ र हजारौ मानिसहरु त्यहाँ बसिरहेका छन्, त्यो हेर्दै छन्। जब तिनीहरुले त्यो लंगडा, रोगी केटा त्यहाँ आएको देखे, पवित्र आत्माले उसलाई उसको जीवनको बारेमा बताईदियो, र कुराहरु, र त्यहाँ के भयो भनेर। र दस हजार मुस्लिमहरुले आफूलाई भुइँमा सुताउछन्, लम्पसार, र येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार गरे।

193 हामीसंग अझै पनि टि.एल अस्बोर्न, र त्यस्तै छन्, जसले अझै पनि भेडालाई खुवाउछन्। मलाई लाग्छ भाई आस्बोर्न अझैसम्म पनि मुस्लिमहरुका बीचमा परेका छैनन्। तिनीहरुले आफूहरुलाई धेरै प्रबल भएको दाबी गर्छन्। तर हामीसंग अझै पनि परमेश्वर हुनुहुन्छ जसले सिंहबाट भेडालाई छुटकारा लिनुहुन्छ, भालुबाट भेडालाई बचाउन सक्नुहुन्छ।

194 उनीहरुले यसलाई लेख्नुपर्छ र चिन्नुपर्छ भन्ने थाहा पाउँदा मलाई राम्रो लग्यो। होइन, तिनीहरुले त्यो सोच्दैनन्; तिनीहरु टाढा जान्छन् र तर्किछन्, र भन्छन्, "अ, ती दिनहरु बिती गएका छन्।"

195 मुस्लिमहरुले भने, “तिनीहरुले गर्छन्? पुरा बाईबल बितीगएको छ। तिमीहरु सबै गलत छौ। तिमीहरुले एउटा मानिसलाई पुजिरहेको छौ, एउटा मानिस जो मरेको थियो, र उहाँ नाम येशू थियो। र उहाँ मर्नुभयो, धेरै वर्ष पहिले, र उहाँ पुनरुत्थान भएको भन्ने जस्तो कुनै चीज छैन।”

196 तर तिनीहरुले त्यो कुरा डरबनको सभामा भन्न सकेननन्। त्यहाँ उहाँले उही काम गरेर उभिएनु भयो जुन उहाँले पहिले गर्नुभएको थियो, यसले तिनीहरुलाई प्रमाणित गर्यो। अब यहाँसम्म कि—संगठित मण्डली फर्केर आउनुपर्छ, उही व्यक्ति जसले मलाई बाईबलमामोर शिक्षाको खोजी गर्नुपर्छ भनेर मलाई लेख्यो र भन्यो, उसैले आफ्नो पत्रिकामा लेख्न पर्यो। परमेश्वरले तिनीहरुलाई, जसरी पनि उहाँको प्रशंसा गर्ने बनाउनुहुन्छ, तब, चाहे जे सुकै होस्। त्यो सहि हो। उहाँले तिनीहरुले जसरी पनि, उहाँको प्रशंसा गर्ने बनाउनुहुन्छ।

197 हामीसंग यहाँ एउटी सानी, बिमार केटि बसिरहेकी छिन्। त्यो तपाईको बच्चा हो? उहाँको समस्या के हो, बहिनी? [बहिनीले भन्नुहुन्छ, “यो ब्रेन हेमरेज हो।”—सम्पा।] म्याम? [“ब्रेन हेमरेज।”] ब्रेन हेमरेज। [“मैले तपाईलाई, केहि वर्ष अगाडि उहाँको ब्रेन हेमरेजको बारेमा लेखेको थिएँ।”] ओ, हो। [“उनी अहिले बिमार हुनुहुन्छ, अगस्टमा चार वर्ष हुन्छ।”] अगस्टमा, चार वर्ष हुन्छ। [“भाई नेभिल उहाँलाई हेर्न तल जानुभएको थियो।”] ओ, यो मरेंगो, वा त्यहाँ कतै तल हो? [“पाओली।”] पाओली। के यो केटि हो, त्यसो भए? त्यहाँ केवल एउटा कुरा छ, आमाले, केटिलाई बचाउन सक्नुहुन्छ: त्यो, परमेश्वरले उहाँलाई चिन्नुहुन्छ। [“उनी पहिले भन्दा अहिले धेरै राम्रो भएकि छिन्।”] म त्यसको लागि एकदम खुसी छु।

198 के तपाईको उनको निम्ति प्रार्थना गर्न तल आउनुभएको छ, भाई नेभिल? [भाई नेभिलले भन्नुहुन्छ, “हो, श्रीमान।”—सम्पा।] भाई नेभिल तल गएर उनको लागि प्रार्थना गरेपछि, उनको स्वास्थ्य राम्रो भएकि छिन्। भेडाको खाना जान्ने गोठालाहरु अझै छन्।

199 तपाईको समस्या के हो, प्रिय बहिनी, त्यहाँ तल कुर्सीमा बसिरहनुभएको, तपाई? [एउटा बहिनीले भन्नुहुन्छ, “उनलाई क्यान्सर छ।”—सम्पा।] क्यान्सर।

200 ठिक छ, यदि म तपाईलाई केहि सोध्छु, शायद अहिले नै। यहाँ हुनुभएको कति जना निको भईसक्नुभएको छ...क्यान्सरबाट? आफ्नो

हातहरु उचाल्नुहोस्। यहाँ हेर्नुहोस्, बहिनी। [“उनी व्यावहारिक रूपमा बहिरा छिन्, र तपाईले के भन्नुभयो त्यो सुन्न सक्दिनन्।”—सम्पा।]

201 परमेश्वर चंगाईकर्ता हुनुहुन्छ। हामीलाई त्यो थाहा छ। यदि मैले तपाईलाई भन्छु कि म त्यहाँ गैर केटिको रक्तस्राव हटाउन सक्छु र उसलाई निको पार्न सक्छु, म तपाईलाई गलत भन्छु, वा, महिलाबाट क्यान्सर हटाउन सक्छु। तर मलाई एउटा कुरा थाहा छ, त्यहाँ एउटा भालु थियो (एउटा क्यान्सर, एउटा ट्युमर, एउटा अन्धोपन, र मृत्यु समेत) परमेश्वरको केहि भेडालाई समाते, एक दिन, र परमेश्वरको शक्तिका साथ अगाडि गएँ, र मैले त्यसलाई मारे र भेडालाई फर्काएर ल्याएँ। त्यो सहि हो। र हामी आज अगाडि जान्छौ, कुनै महान कुराहरु, *फलाना–र–फलाना* सहित होइन। म त्यहाँ प्रार्थनाको एउटा सादा सानो गुलेली लिएर जान्छु। उहाँले उनलाई फर्काएर ल्याउनुहुनेछ।

202 तपाई त्यो विश्वास गर्नुहुन्छ, हैन, बहिनी? तपाई पनि, विश्वास गर्नुहुन्छ, हैन र तपाई, दिदि? तपाईहरु कतिजनाले आफ्नो हृदयले अहिले विश्वास गर्नुहुन्छ?

203 अब म प्रार्थना गर्न जाँदा तपाईहरुले आफ्नो शिरहरु झुकाउनुहोस्।

204 प्रिय पिता, एउटा सुन्दर जवान युवती यहाँ लेटिरहेकी छिन्, जो कहिल्यै पनि हिड्न सक्दिनन्, वा वरपर हिड्न सक्दिनन्, जबसम्म तपाईले उनलाई सहायता गर्नुहुन्न। शत्रूले उनलाई समातेको छ। उनी कुनै पनि चिकित्सकको पहुँच बाहिर छिन्। शत्रूले उनलाई यति टाढा अन्तरिक्षमा हिर्काएको छ, कि चिकित्सकले समेत उनलाई केहि गर्न सक्दैनन्। तर उनी तपाईको पहुँचभन्दा बाहिर छैनन्, प्रभु। उनी ठिक त्यहाँ छिन् जहाँ तपाईले आफ्नो हात उनी माथि राख्न सक्नुहुन्छ। परमेश्वरको वचनको आधारमा, म यस जवान युवती माथि मेरो हात राख्दछु, र यो ब्रेन हेमरेजलाई निन्दा गर्दछु। येशू ख्रीष्टको नाममा, उनलाई फेरी पनि सामान्य महिलामा बोलाउँदछु। उनी परमेश्वरको महिमाको निम्ति जिउनेछिन्। उनी निको भएकि होऊन्, यो मण्डलीबाट भित्र र बाहिर हिडेकी होऊन्, जसरी अरु भित्र आएका छन्, यसको जस्तै नै, परमेश्वरलाई प्रशंसा दिएकी होऊन्। यस्तै नै होस्, येशू ख्रीष्टद्वारा।

205 उनको कपालको तुसार भएको छ, केवल केहि थप गोलहरु, र उनी त्यो भूमिमा हुनेछिन् जहाँ मैले वृद्ध होइन, तर जवान देख्दछु। तर उनको

प्रियजनहरु यहाँ बसेका छैन, रुँदै, र तिनीहरुले उनलाई प्रेम गर्छन्। एउटा महान शत्रू जसले उनलाई समात्यो र उनलाई चिकित्सकको पहुँचबाट बाहिर निकाल्यो, क्यान्सरको डरलाग्दो सिंह। परमेश्वर, म उनको पछि, आउँदछु। म उनलाई फर्काएर ल्याउनको निम्ति आउँदछु। म क्यान्सरको सिंहले, अपराजित येशूको नाममा मार्दछु, जसको राजदुतको रूपमा म हुँ। यसले उनलाई छोडेको होस्, र उनी निको भएकी होऊन्, र धेरै वर्ष बाचून्, अभै, हाम्रा प्रभु येशू ख्रीष्टद्वारा, परमेश्वरको आदर र महिमाको निम्ति।

206 अब, स्वर्गीय पिता, त्यो केवल ठूलो कवचमा मात्र होइन, केहि वक्ताको तिखो, भाषा र शब्दावलीले होइन, तर एउटा साधारण, सानो विश्वासको गुलेलीले। म यो प्राण, र यो शरीरको लागि आउँदछु जसलाई क्यान्सरको शत्रूले उनलाई चिकित्सकको पहुँचबाट बाहिर निमोठेको छ। तर यस बिहानीमा, म उनको निम्ति आउँदछु, प्रभु, उनलाई फर्काएर छायादार हरियो खर्कमा र स्थिर पानीमा ल्याउदै। विजयी येशूको नाममा, जसको लागि म एउटा उहाँको राजदूत हुँ। सरल विश्वासका साथ, म विश्वास गर्छु कि उनलाई फर्काएर ल्याईनेछ, हामीले बनाएको यो प्रार्थनाको शक्तिले। यस्तै नै होस्...?...

207 (म विश्वास गर्छु कि त्यहाँ बप्तिष्माको सेवा छ। त्यहाँ छ र?) [भाई नेभिलले भन्नुहुन्छ, "हो, श्रीमान। दुईजना प्रचारकले केही मित्रहरुलाई बप्तिष्मा दिन बाकि छ।"—सम्पा।]

208 के तपाईले एक पलको लागि आफ्नो शिर उठाउनुहुनेछ? पाष्टरले मलाई भर्खरै भन्नुभएको छ...

209 यी मानिसहरु धेरै, धेरै बिमार छन्। तिनीहरु एकदम ठिक हुनेछन्। केवल नगर्नुहोस्...यो ठिक छ। परमेश्वरको प्रतिज्ञा कहिल्यै पनि असफल हुन सक्दैन। हामी तिनीहरुको पछि लाग्छौ।

210 तिनीहरुको बप्तिष्माको सेवा छन्। त्यहाँ केहि मानिसहरु हुनुहुन्छ जो जानुपर्छ। आज राति फेरी पनि हाम्रो सेवा हुन जानेछ।

211 के यहाँ कोहि हुनुहुन्छ जो आज राति आउन सक्नुहुन्न, तर हामीलाई तपाईको निम्ति अहिले प्रार्थना गरिदिनको निम्ति चाहना राख्नुहुन्छ, जो आज राति यहाँ हुन पाउनुहुन्न? त्यसो भए के तपाई ठिक यहाँ आउनुहुन्छ, जो तपाई आज राति आउन पाउनुहुन्न। मसंग धेरै समय हुनेछ; एउटा

प्रार्थनाको पंक्तिमा बनाउनुहोस्, आज राति। तिनीहरुले यी मानिसहरुलाई बप्तिष्मा दिनुपर्नेछ।

212 तपाईसंग त्यहाँ एउटा सानो केटा छ? ठिक छ। [एउटा भाईले भन्नुहुन्छ, "यदि मैले यो तपाईलाई दिएको छु भने यो ठिक छ?"—सम्पा।] हो, श्रीमान। तपाईलाई, धेरै धन्यवाद। के यदि मैले यो अलिकति पछि वा ठिक अहिले पढे भने ठिकै छ? तपाईलाई धन्यवाद, श्रीमान।

213 अब यदि तपाईले मलाई मात्र एक वा दुई मिनेट मात्र दिनुभयो, त्यसपछि हामीसंग—बप्तिष्माको—सेवा हुनेछ। मलाई थाहा छ कि तपाईले यो हेर्न चाहनुहुन्छ।

214 र तिनीहरु जसले यो बिहान बप्तिष्मा चाहनुहुन्छ, ठिक छ, तपाई, महिलाहरु *यहाँनिर* आफ्नो पोशाक परिवर्तन गर्नको लागि जानुहोस्, र पुरुषहरु *यतातिर* जानुहोस्। र मैले यी बिमार मानिसहरुको निम्ति प्रार्थना गर्दैगर्दा, त्यसबेला तपाईले बप्तिष्माको सेवाको लागि तयार गर्न सक्नुहुन्छ। र तिनीहरु अहिले त्यहाँ...

215 अब, आज राति, म एउटा—एउटा सानो प्रार्थनाको पंक्ति चलाउने कोशिष गर्छु, आज राति, उनीहरु आउने बित्तिकै गर्नेछु। र आज राति, हामीहरु एफिसीको पहिलो पुस्तकमा शुरू गर्न जानेछौ। र हामी अब तपाईलाई भित्र पाउँदा धेरै खुसी हुनेछौ, यदि तपाईसंग जाने कुनै मण्डली छैन भने। तर यदि तपाईको आफ्नै पाष्टर र मण्डली छ भने, तब तपाई—तपाई आफ्नो प्रिय मण्डलीमा जानुहुन्छ जहाँ तपाई समर्थन गर्नुहुन्छ।

216 यदि तपाई जो जानुपर्छ, र यो समयमा छोड्न जाँदै हुनुहुन्छ, तपाईलाई परमेश्वरले आशिष दिनुभएको होस्। तपाईले सक्नुभएको बेलामा फेरी पनि हामीसंग रहनुहोस्। तपाईहरुलाई यहाँ पाउनुमा हामी खुसी हुनेछौं।

217 के तपाईको लागि पनि, प्रार्थना गरिनुपर्छ, भाई? तपाईको समस्या के हो? उच्च रक्तचाप।

218 अब, तपाई बाकि रहेकाहरु, तपाईले आफ्ना शिरहरु एक मिनेटको लागि, झुकाईरहदा, हामी प्रार्थना गर्न चाहन्छौ।

219 पिता, म तपाईलाई धन्यवाद दिन्छु, आज, सानो गोठालोको गुलेलीको लागि, त्यो प्रार्थना जसले सिंहलाई घुँडामा ल्यायो, र सानो थूमालाई उहाँबाट टाढा लग्यो, र फर्काएर उसको आमा र बुवाकहाँ लाग्यो। हाम्रो

भाईको निम्ति म प्रार्थना गर्दछु। म माग्दछु कि तपाईले उहाँलाई पनि, सुरक्षित ल्याउनुहुनेछ, प्रभु। उहाँको शरीरको रक्तचाप र समस्याहरु बन्द भएको होस्। म उहाँको पछि जाँदछु, प्रभु, उहाँलाई फर्काएर ल्याउन, येशू ख्रीष्टको नाउँमा। यस्तै नै होस्। आमेन।

परमेश्वरले तपाईलाई आशिष दिऊन्, भाई।

तल जाँदै गर्दा, म तपाईलाई एउटा सानो, दृष्टिबिहिन केटाको हात समातेको देख्दछु।

220 थप एउटा कुरा म भन्न चाहन्छु। म...धेरै बिमार, वान्ता गर्दैथिए। र मैले सोचे...तपाईले यो नछुटाएको म चाहन्छु, यदि तपाई गर्नुहुन्छ भने। मैले सोचे, "परमेश्वर, बाहिर कोहि रोकिएको सुने भने मैले के दिनेछु होला? मेरी श्रीमतीले भन्नेछिन्, 'बिल्ली, त्यहाँ तिमीलाई हेर्नको लागि वृद्धा सज्जन आउनुभएको छ।'

221 "र यहाँ एउटा सानो, तालु भएको साथी जसको मुहार वरपर खैरो जुँगादाह्री थियो। उहाँ भित्र पस्नुहुन्छ, भन्नुहुन्छ, 'तपाई भाई ब्रन्हाम हुनुहुन्छ?'

"मैले भन्ने थिए, 'हो, श्रीमान, म हुँ।'

222 "'मेरो नाम सिमोन हो।' उहाँको हात ममाथि राख्नुभयो, र मलाई एक मिनेटको लागि हेर्नुभयो। भनुभयो, 'तपाई एउटा विश्वासी हुनुहुन्छ, भाई ब्रन्हाम।'

"'हो।'

223 "'यो एकदम ठिक हुनेछ।' बाईबलको, सिमोन पत्रुस। म त्यो कति कदर गर्ने थिए! उहाँले धेरै कुरा भन्नुपर्ने छैन। केवल उहाँको हात म माथि राख्नुभयो, सबै ठिक हुन्छ।"

224 र त्यसपछि ममा के आउँछ, परमेश्वरको सहायता, र परमेश्वरको अनुग्रहले, यदि म तिनीहरुकहाँ आउछु भने, त्यहाँ उही कुरा विश्वास गर्ने दसौ हजारौं छन्। र मैले भने, "प्रभु, मैले सक्ने जत्ति हरेकमा मलाई पुर्याउनुहोस्, तब। मलाई केवल—केवल..."

225 मैले सोचे, "यदि सिमोन, वा मात्रै पावल, ती मध्ये एक, केवल भित्र आउँछ र भन्छ, 'तिमी भाई ब्रन्हाम?'

"'हजुर।'

226 "उनीहरुको हात ममा राखेर, र मलाई हेरेर, र भन्छन्, 'ठिक छ, भाई ब्रन्हाम,' केवल बाहिर जानुहुन्छ।

227 "म ठिक हुनेथिएँ। यो सब ठिक हुनेछ। निश्चय नै। मैले भने…केटा, ठिक त्यहि बेलामा मेरो उत्साह बढ्नेछ। म भन्नेथिएँ, 'म ठिक हुनेछु।'" हो, श्रीमान।

228 र त्यहाँ मानिसहरु छन् जसले उही कुरा विश्वास गर्छन् आज। र त्यहि नै गर्नको लागि म यहाँ तल आएको हुँ, तपाईहरुमा हात राख्न, परमेश्वरलाई राख्न।

229 म यो सानो केटासंग जान चाहन्छु, बहिनी, केवल एक मिनेटको लागि। ऊ एउटा सानो, दृष्टि बिहिन केटा हो। ऊ दृष्टि बिहिन भएको कति समय भयो? [एउटा बहिनीले भन्नुहुन्छ, "जन्म देखि नै हो।"—सम्पा।] जन्म देखि नै।

230 हाई, सानो केटा! ओ, तिमी एउटा शक्तिशाली राम्रो, सानो केटा हो…?…

231 ओ कृपालु परमेश्वर! चिकित्सकको पहुँच भन्दा पर, यो सानो केटाको जन्ममा, अन्धो नै भई जन्मेकोले, र उसले देख्न सक्दैन; यो सानो, प्रिय सानो केटा। र शत्रू, सानो केटाको जीवनमा एउटा मौका हुनुभन्दा पहिले, उसलाई चिकित्सकको पहुँचबाट पर लागेको छ। त्यसैले, म उसको पछि आउदैछु, यस बिहानीमा, प्रभु। यो साधारण, प्रार्थनाको सानो गुलेलीले। मलाई उसलाई फर्काएर ल्याउन दिनुहोस्, परमेश्वर। म येशू ख्रीष्टको नाममा, शत्रू, शैतानलाई भेट्छु, र यस केटालाई परमेश्वरको लागि दावी गर्छु। म उसको दृष्टिको लागि दावी गर्छु, परमेश्वरको लागि, त्यो कुरा उसलाई फर्काएर दिन जुन शैतानले ऊ बाट लुटेको थियो। उसले यो पाउन सकेको होस्। येशू ख्रीष्टको नाउँमा, यो हुनेछ। अब, यस्तै नै होस्।

232 अब, बहिनी, प्रिय, अब, यो केटा निको हुनेछ भन्ने कुरामा एउटा कणको पनि संका नराख्नुहोस्। र म तपाईले, उसलाई यस मण्डलीमा फर्काएर ल्याई, मानिसहरुलाई, उसले देख्न सक्छ भनि देखाउनु भएको चाहन्छु, अब, के तपाई गर्नुहुन्छ?

उसलाई उसको दृष्टि देऊ, येशू ख्रीष्टको नाउँमा…?…

233 प्रभु येशू, बिछ्याउन…यो सानो जसको लागि हामीले धेरै प्रार्थना गरेका छौ! तर, यो बिहानीमा, म फेरी पनि येशू ख्रीष्टको नाउँमा, तपाईले मलाई

दिनुभएको यो सानो गुलेली बोकेर आउँदछु। र तपाईले मलाई यसमा मद्दत गर्नुभयो, प्रभु, तपाईको शक्तिद्वारा, क्यान्सरको...मुखबाट यो लिनलाई, मृत्यु आफैको मुखबाट, मृत घोषित भई सकेपछि मरेकाहरुलाई जीवित पार्नुभयो, र कठोर र चिसो राखिएको थियो। म यो शत्रूको पछाडि आउँदछु, येशू ख्रीष्टको नाउँमा। त्यसैले उनलाई फेरी पनि असल स्वास्थ्यमा फर्काएर ल्याउनुहोस्, प्रभु। यसलाई प्रदान गर्नुहोस्। यो यस्तै पूरा होस्, परमेश्वरको महिमाको निम्ति।

234 र तपाईको लागि प्रार्थना गरिनुपर्छ? [एउटा बहिनीले भाई ब्रन्हामसंग बोल्नुहुन्छ—सम्पा।] तपाई एक विश्वासी हुनुहुन्छ? ["हो।"] प्रभु, म उनलाई, यो सानो गुलेलीको पहुँचमा ल्याउँदछु। येशू ख्रीष्टको नाउँमा, यसले उनलाई छोडेको होस् र कहिल्यै फर्केर नआओस्।

235 [एउटा बहिनी भाई ब्रन्हामसंग बोल्नुहुन्छ—सम्पा।] ठिक छ, त्यो उही सानो गुलेली, जुन गयो र भाई हारलेलाई भेट्यो, र यो तपाईको छोरी र तपाई आफ्नै लागि पनि हो।

236 अब, स्वर्गीय पिता, म शत्रूको पछि आउँदछु, यो सानो गुलेली प्रयोग गरेर जुन तपाईले मलाई दिनुभयो, किनकि तपाईले भन्नुभयो, "यदि तिमीले मानिसहरुलाई विश्वास गर्ने बनायौ भने, र प्रार्थना गर्दा इमानदार भयौ भने," त्यो सानो ढुङ्गा मार्ने बिन्दुमा जानेछ। यो अहिले गएको होस्, प्रभु, जसै मैले यसलाई उनको अनुरोधमा पठाउदछु। येशू ख्रीष्टको नाउँमा, यो यस्तै नै होस्। आमेन।

237 [एउटा बहिनीले भाई ब्रन्हामसंग बोल्नुहुन्छ—सम्पा।] ठिक छ, बहिनी। अब हामीहरु...तन्त्रिका चिकित्सकहरुको पहुँचभन्दा बाहिर छ। तपाईलाई एक प्रकारले शान्त पार्नलाई तिनीहरुले केहि कुरा दिन सक्छन्, तर त्यो पश्चात, त्यसले तपाईलाई झन् नराम्रो गर्छ। हो। अब हेर्नुहोस्। आज बिहान, हामीहरु यसको पछाडि जाँदैछौ। बाहिर जाँदै; तपाईलाई फर्काएर ल्याउँछौ। [टेपमा रिक्त स्थान।]

238 प्रभु येशू...[टेपमा रिक्त स्थान—सम्पा।]...पाँचवटा साना ढुङ्गाहरु, एफ–ए–आई–टि–एच, र प्रार्थनाको गुलेली। र म मेरी बहिनीलाई त्यो घबराहटको चंगुलबाट फिर्ता ल्याउँदैछु...?...पारी। म उनलाई फर्काएर शान्त र छायदार हरियो चाउर र स्थिर पानीमा ल्याउँदछु। म यो येशू ख्रीष्टको नाउँमा गर्दछु। आमेन।

[एकजना बहिनी भाई ब्रन्हामसंग बोल्नुहुन्छ—सम्पा।]

239 पिता परमेश्वर, यो सानी केटि, हामी खुसी छौ किनकि यो मांसपेशी डिस्ट्रफि होइन। तर चाहे यो जे सुकै होस्, यो अझै पनि तपाईको पहुँचमा छ, प्रभु। र म विश्वासको सानो गुलेली, र यो ढुङ्गा सहित आएको छु। र मैले फ्याक्नसक्ने पूर्ण शक्तिले यो ढुङ्गालाई म दबाउछु। येशू ख्रीष्टको नाउँमा, यसले निशानामा हानेको होस्। हाम्रो बहिनी निको भएको होस्। म यो येशू ख्रीष्टको नाउँमा गर्दछु।

[एउटा बहिनी भाई ब्रन्हामसंग बोल्नुहुन्छ—सम्पा।]

240 जसै यो जवान आमा, र उनको सानी सन्तान, एक सानो जसलाई उनी पारी पट्टि भेट्न चाहन्छिन्, अर्को छेउ पट्टि, त्यो महिमामय भूमिमा जसको बारेमा मैले भर्खरै बोले, र तिनीहरु...आमा धेरै बाँच्नुहुन्न...सानो मित्रलाई उठेको हेर्नको लागि, र न त सानो साथी तपाईको मद्दत बिना लामो समयसम्म बाँच्न सक्दछ। तर म गुलेली लिएर आउदैछु, शत्रूलाई जित्नको लागि मेरो सबै शक्ति र लक्ष्य सहित आउदैछु। र येशू ख्रीष्टको नाउँमा, म त्यसमा यो गुलेली चलाउदछु। तिनीहरु निको हुनेछन्, परमेश्वरको महिमाको निम्ति। येशू ख्रीष्टको नाउँमा। आमेन।

[एकजना बहिनी भाई ब्रन्हामसंग बोनुहुन्छ—सम्पा।]

241 ओ, त्यो कति राम्रो हो। म खुसी छु। ठिक छ, त्यो सेवकाई, त्यसबेला, मानिसहरुलाई औंल्याउने महान सेवकाई थियो। यसले कार्यलाई औंल्यायो...?...

242 हाम्रो स्वर्गीय पिता, शैतानले यो सानी आमालाई चिकित्सकको पहुँचबाट टाढा लगेको छ। तिनीहरुले केवल ड्रगलाई त्यस तरिकाबाट हाल्न सक्दछ, प्रभु, जसले केवल उहाँलाई टुटाउने मात्रै गर्दछ, चारैतिर बाट, मुस्किलले उहाँ कहाँ हुनुहुन्छ भन्ने सम्म थाहा हुँदैन। र जब उहाँले थाहा पाउनुहुन्छ, उहाँ झन् खराब स्थितिमा भेट्टाउनुहुन्छ। तर म विश्वासको गुलेली सहित आउँदैछु, एउटा ढुङ्गा सहित, सिधा लक्ष्य सहित निशाना लगाएर, निशानामा शून्य बनाउदै। येशू ख्रीष्टको नाउँमा, म यो घबराट परमेश्वरको महिमाको लागि, उहाँबाट लिँदछु। आमेन।

[कोहि भाई ब्रन्हामसंग बोल्छ—सम्पा।]

243 प्रिय परमेश्वर, पारी भाई जोर्ज, मर्दै गरेको अवस्थामा, लेटिरहनुभएको छ, धेरै पहिले होइन, विश्वासले उहाँको निम्ति के गरेको थियो भन्ने मैले

देखेको छु। अहिले उहाँलाई बाथ भएको छ, प्रभु। हामी जान्दछौ कि तिनीहरुले उहाँलाई कुनै कोर्टीसन दिन सक्छन्, केहि त्यस्तो कुरा जसले दुखाईलाई एक प्रकारले कम गराउदछ, तर यसले त्यो चिजलाई टाढा लाँदैन। त्यसैले हामी यो प्रार्थना नै त्यहाँ लक्षित गर्दछौ, येशू ख्रीष्टको नाउँमा। बाथ रोग गएको होस्। उहाँ घर जान सकेको होस् र निको भएको होस्।

तपाईलाई धन्यवाद, भाई।

244 तपाई कस्तो हुनुहुन्छ, प्रिय? [एउटा बहिनीले भाई ब्रन्हामसंग बोल्नुहुन्छ—सम्पा।] ओ, मेरो! बहिरा गर्ने। के तपाईले सबै सुन्न सक्नुहुन्छ? अँ–ह। केवल मरणशीलको पहुँचभन्दा बाहिर! तपाई प्रभु येशूमा एउटा विश्वासी हुनुहुन्छ? ["आमेन।"] म सुन्दर महिलालाई त्यहाँ देख्न सक्छु, यी दिनहरु मध्ये एक दिन। तपाई फेरी पनि सधैको निम्ति जवान हुनुहुनेछ। म जान्दछु कि उहाँको महिमाको लागि तपाई अहिले जिउन चाहनुहुन्छ। फर्केर एउटा...

245 [बहिनीले भन्नुहुन्छ, "होइन, मेरो छोराको निम्ति म दुखी छु।"—सम्पा।] तपाईको छोरा। ["जो गएको दुई वर्ष भन्दा बढि भईसक्यो।"] के तपाईले उहाँलाई फेला पार्न सक्नु भएन? ["ऊ परमेश्वरको हातमा छ।"] ओ, ऊ—ऊ गयो? ["अँ–ह। मृत्युको घाटीबाट।"] ओ, त्यो। ["र मेरो पिडा।"] शोकमा परेको छु। हो। ["म शोकमा छु...म शोकमा छु। र मलाई लाग्छ, यदि यो परमेश्वरको इच्छा हो भने, उहाँले मलाई लानुभएको म चाहन्छु। उहाँमा मसंग खुसी बाहेक केहि छैन।"]

246 प्रिय बहिनी, म तपाईलाई त्यहाँ पुग्नुभएको चाहन्छु जहाँ तपाईलाई राम्रो महसूस हुन्छ। के उहाँले यो बिहान, दर्शन सुन्नुभयो? [अर्को बहिनीले भन्नुहुन्छ, "उहाँले राम्रोसंग सुन्न सक्नुहुन्छ।"—सम्पा।] ठिक छ, तपाईले उहाँलाई भन्नुहोस्।

247 ठिक छ, उहाँले के भयो भनेर तपाईलाई बताउन गईरहनुभएको छ। यहाँ तपाईको श्वासभन्दा पारी, त्यो प्रिय केटाले तपाईको निम्ति प्रतिक्षा गरिरहेको छ। तपाई ऊ जस्तै जवान हुनुहुनेछ। प्रेम, केवल माया गर्नुहोस्... [बहिनीले भन्नुहुन्छ, "म बस्न चाहन्न। म ऊ भएको ठाउँमा जान चाहन्छु, यदि परमेश्वरको इच्छा भए।"—सम्पा।]

248 प्रिय स्वर्गीय पिता, जीवनको दौड चलिरहेको छ। त्यहाँ धेरै बाकी केहि पनि छैन। र उहाँको अनमोल केटा, नदीको पारी, यदि उसले पछाडि फर्केर हेर्न मात्रै सके, उसले भन्ने थियो, “केवल केहि दिन मात्रै।” उनले डुङ्गाको लागि पर्खिरहेकी छिन्, प्रभु, जसले उसलाई कुहिरोबाट, त्यो महिमामय भूमिमा लैजान्छ। उहाँलाई आशिष दिनुहोस्, पिता, र उहाँको हृदयलाई सान्त्वना दिनुहोस्। र केवल त्यो नदीको परी, त्यो महान पुनर्मिलन भएको होस्।

***बहिष्कृत राजा*** NEP60-0515M

(The Rejected King)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा अंग्रेजीमा आईतबार बिहान, मे १५, १९६०, ब्रन्हाम टेबरनेकल जेफरसनभिल, इन्डियाना, यु.एस.ए, मा प्रचार गरिएको थियो। यो प्रवचन चुम्बकीय टेप रेकर्डिङ्गबाट लिईएर अंग्रेजीमा कुनै काँट–छाँट नगरी छापिएको छ। यो नेपाली अनुवाद वोईस अफ गड रेकर्डिङ्गद्वारा छाप्ने र वितरण गर्ने गरिएको छ।

NEPALI

©2023 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org